## कर्णालीमा

# व्यवसायिक वातावरण





HRITI FOUNDATION
TOWARDS PROSPEROUS KARNALI

CIPE
CENTER FOR INTERNATIONAL PRIVATE ENTERPRISE

# कर्णालीमा व्यवसायिक वातावरण

## एक अध्ययन

२०७९

**प्रकाशक**:
ऋति फाउण्डेसन, वीरेन्द्रनगर नगरपालिका ८, सुर्खेत ।
फोनः ०८३५२१५६४
ईमेलः hritifoundation@gmail.com/info@hriti.org
वेवसाइटः www.hriti.org

**सहयोग**:

CIPE
CENTER FOR INTERNATIONAL PRIVATE ENTERPRISE

**© ऋति फाउण्डेसन**

यस प्रकाशनको सम्पुर्ण अधिकार ऋति फाउण्डेसनमा निहित छ । यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन । यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा ऋति फाउण्डेसनमा सम्पर्क गर्न सकिनेछ । यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिग हालेर वितरण गर्न पाइने छैन । अन्यको हकमा पनि यही नियम लागु हुनेछ ।

## कृतज्ञता ज्ञापन

कर्णालीमा व्यवसायिक वातावरणबारे यस अनुसन्धान पत्र तयार पार्न सहयोग गर्नं हुने सम्पूर्ण व्यक्ति एवं संस्थाप्रति कृतज्ञ छौँ । अनुसन्धान पत्रको तयारीका क्रममा निरन्तर सल्लाह, सुझाव तथा उत्प्रेरणा दिइराख्नुहुने समृद्धी फाउण्डेशनका आकाश श्रेष्ठ र यतिन्द्र केसिप्रति विशेष आभार व्यक्त गर्दछौँ ।

यसै गरी यस अनुसन्धान पत्र तयार गर्ने क्रममा आवश्यक पर्ने सूचनाहरू उपलब्ध गराइदिने प्रदेश सरकार अन्तर्गतका विभिन्न् निकायहरु, श्रोतहरू जुटाउन सहयोग गरिदिनुहुने र प्रश्नावलीको उत्तर दिनुहुने सवैलाई पनि धन्यवाद दिन चाहन्छौँ । यस अनुसन्धानको लागि सहयोग गरेकोमा Center for International Private Enterprise (CIPE) लाइ हार्दिक आभार प्रकट गर्दछौँ ।

**ऋति फाउन्डेसन**

# विषयसुची

**विषय** **पृष्ठ नं**


कार्यकारी सारांश .................... ख

अध्याय: १ पृष्ठभूमि .................... १

अध्याय: २ प्रदेश सरकारको अधिकार क्षेत्र तथा विधमान अवस्था .................... ३
- २.१ प्रदेश सरकारको अधिकार र अधिकार क्षेत्र .................... ३
- २.२ सामाजिक तथा आर्थिक तथ्यांकमा कर्णाली प्रदेश .................... ४

अध्याय: ३ प्रदेशमा व्यवसायिक वातावरणसँग सम्बन्धित नीतिगत र कार्यक्रमगत पहलहरु .................... ११
- ३.१ कर्णाली प्रदेश सरकारको उद्योग व्यवसायसँग सम्बन्धित निर्णयहरु .................... ११
- ३.२ नीति तथा कार्यक्रम र बजेटमा नीजी क्षेत्र र उद्योग तथा व्यवसाय .................... ११
- ३.३ व्यवसायिक वातावरणसंग सम्बन्धित आवश्यक कानूनहरुको अवस्था .................... १३
- ३.४ उद्योग व्यवसाय तथा नीजि क्षेत्रसँग सम्बन्धित नीतिहरु दर्ता तथा पारित भएको समयावधी .................... १४
- ३.५ प्रदेश सभा र संसदीय समितिमा उद्योग व्यवसायसँग सम्बन्धित विधेयकमाथिको प्राथमिकता .................... १५
- ३.६ व्यवसायिक वातावरणसंग सम्बन्धित नियमावलीहरु .................... १५
- ३.७ उद्योग व्यवसायसँग सम्बन्धित प्रादेशिक सरकारी संरचनाहरु .................... १६
- ३.८ निजी क्षेत्रको भूमिका र दृष्टिकोण .................... १७

अध्याय: ४ वीरेन्द्रनगरमा व्यवसायिक वातावरण एक अध्ययन .................... १९
- ४.१ व्यवसाय दर्ताका क्रममा तेस्रो पक्षको सहयोग .................... १९
- ४.२ व्यवसाय दर्ता र सञ्चालनमा लाग्ने समय .................... १९
- ४.३ उद्योग स्थानीय तहमा दर्ता भएकोरनभएको .................... २०
- ४.४ आर्थिक वर्षमा उद्योगले वार्षिक कर र वित्तिय विवरण बुझाउनुपर्ने सरकारी निकाय .................... २०
- ४.५ राजश्व तिर्न लाग्ने समय .................... २०
- ४.६ करको भुक्तानी डिजिटल भएकोरनभएको .................... २०
- ४.७ डिजिटल भुक्तानीले लागत र समय घटाएको/नघटाएको .................... २१
- ४.८ ऋण .................... २१
- ४.९ व्यवसायमा सबैभन्दा ठुलो चुनौती .................... २२
- ४.१० करका दरहरु .................... २२
- ४.११ कर कानूनको जटिलता .................... २३
- ४.१२ व्यापार इजाजतपत्र र अनुमतिहरू .................... २३
- ४.१३ भ्रष्टाचार .................... २४
- ४.१४ सिपयुक्त जनशक्तिको अभाव .................... २४

अध्याय: ५ निष्कर्ष एवं सुझावहरु .................... २५
- ५.१ निष्कर्ष .................... २५
- ५.२ सुझावहरु .................... २७

सन्दर्भ सामाग्री .................... ३५

# संक्षिप्त शव्दावली सूची

| | |
|---|---|
| वि सं | विक्रम संवत |
| रु. | रुपैयाँ |
| नं. | नम्बर |
| मे. ट. | मेट्रिक टन |
| कि.मी. | किलोमिटर |
| पालिका | गाउँपालिकारनगरपालिका |

# कार्यकारी सारांश

संविधानको अनुसूची ५ देखि ९ सम्म प्रत्येक तहको सरकारको विशेष र समवती अधिकार क्षेत्रको विवरण उल्लेख गरिएको छ । त्यसबाहेक बाँकि अधिकार संघीय सरकारमा रहने व्यवस्था गरिएको छ । संविधानले स्थानीय तथा प्रदेश सरकारलाई व्यवसायिक वातावरणसँग सम्बन्धित विभिन्न् अधिकारहरु प्रदान गरेको छ । ती अधिकारहरुलाई प्रयोग गर्दै हाम्रा स्थानीय र प्रदेश सरकारहरुले विभिन्न् निर्णय तथा कानूनहरु निर्माण गर्दै आएका छन् । यस अध्ययनमा कर्णाली प्रदेशमा संघीयताको कार्यान्वयनपश्चात कर्णालीमा व्यवसायिक वातावरणको सम्बन्धमा भएको परिवर्तन र प्रदेश सरकारले चालेका कदमहरुको अध्ययन तथा विश्लेषण गरिएको छ ।

यो अध्ययन कर्णाली प्रदेशमा संघीय संरचनाको कार्यान्वयनपश्चात व्यवसायिक वातावरण निर्माणका लागि के कति प्रगती भएका छन् भन्ने् विषयमा सम्बन्धित छ । अध्ययनमा संघीयतापश्चात कर्णाली प्रदेशको आर्थिक विकासका लागि प्रदेश संरचनाले व्यवसायिक वातावरणको निर्माणको लागि गरेका नीतिगत तथा अन्य संरचनागत विकासको कुराहरु पनि समेटिएका छन् । यस अध्ययनबाट प्रदेशमा व्यवसायिक वातावरणको लागि प्रदेश सरकारले गर्नपर्ने काम तथा नीतिनिर्माणबारे स्पष्टता तथा यस क्षेत्रमा भएको प्रगतिको वास्तविक अवस्था उजागर भई आगामी दिनका लागि कार्ययोजना बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । साथै यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई पनि यो अध्ययन सन्दर्भसामाग्रीको रुपमा हुने अपेक्षा गरिएको छ । उद्योग तथा व्यवसाय र नीजि क्षेत्रसँग सम्बन्धित विधेयकहरु लामो समय संसदमा रोकिएकोले प्रदेश सरकारले प्राथमिकता दिन जरुरी छ ।

सार्वजनिक सेवाप्रवाहलाई सकेसम्म धेरै डिजिटल र अनलाइन बनाएमा सेवाग्राहीको लागत र समयको बचत हुने देखिन्छ । व्यवसाय दर्ता गर्नका लागि लामो प्रक्रिया पुरा गर्नँपर्ने र धेरै दिन लाग्ने प्रणालीलाई सेवाप्रवाह छिटोछरितो बनाउन जरुरी देखिन्छ । नीतिनिर्माणका क्रममा कर्णाली प्रदेश सरकारले सरोकारवाला र नीजि क्षेत्रलाइ सहभागी गराइ राय लिन आवश्यक देखिन्छ । प्रदेश सरकारले प्रदेशमा आवश्यक उद्योगसम्बन्धी नीतिहरु प्राथामिकताका साथ निर्माण गर्न आवश्यक देखिन्छ । उद्योग व्यवसायसँग सम्बन्धित सेवा प्रवाह गर्ने निकायमा कर्मचारी अभावको समस्यालाई प्रदेश सरकारले यथासिघ्र समाधान गर्न आवश्यक छ ।

अध्याय: १

# परिचय

## १.१ पृष्ठभुमी

संविधान र संघीयताको कार्यान्वयनसँगै नेपालमा हाल तीन तहका सरकार छन् । एक तहको केन्द्रीकृत सरकारमार्फत सञ्चालन भइरहेको नेपाल हाल तीन तहका फरक फरक सरकारहरुबाट सञ्चालन भइरहेको छ । स्थानीय, प्रदेश र संघ सबै तहलाई संविधानले एकल र साझा अधिकारहरु प्रत्यायोजित गरेको छ । सोही आधारमा नीतिनिर्माण तथा निर्णयहरु गरिरहेका छन् । संविधानले प्रत्येक तहको सरकारलाई योजना र नीतिहरू तर्जमा गर्न, नियमन गर्न र आवश्यक कार्यहरू गर्न स्रोत परिचालन गर्ने महत्वपूर्ण अधिकार प्रदान गरेको छ । प्रत्येक तहको सरकारको अधिकार र अधिकार क्षेत्रको विवरण नेपालको संविधानको अनुसूचीमा दिइएको छ । संविधानकोअनुसूची ५ देखि ९ सम्म प्रत्येक तहको सरकारको विशेष र समवर्ती अधिकार क्षेत्रको विवरण उल्लेख गरिएको छ । त्यसबाहेक बाँकि अधिकार संघीय सरकारमा रहने व्यवस्था गरिएको छ ।

संविधानले स्थानीय तथा प्रदेश सरकारलाई व्यवसायिक वातावरणसँग सम्बन्धित विभिन्न् अधिकारहरु प्रदान गरेको छ । ती अधिकारहरुलाई प्रयोग गर्दै हाम्रा स्थानीय र प्रदेश सरकारहरुले विभिन्न् निर्णय तथा कानूनहरु निर्माण गर्दै आएका छन् । यस अध्ययनमा कर्णाली प्रदेशमा संघीयताको कार्यान्वयनपश्चात कर्णालीमा व्यवसायिक वातावरणको सम्बन्धमा भएको परिवर्तन र प्रदेश सरकारले चालेका कदमहरुको अध्ययन तथा विश्लेषण गरिएको छ ।

२०७४ सालमा भएको प्रदेश सभा सदस्यको निर्वाचनपश्चात कर्णाली प्रदेशमा औपचारिक रुपमा कार्यपालिकाको रुपमा कर्णाली प्रदेश सरकार र व्यवस्थापिकाको रुपमा कर्णाली प्रदेश सभाले कार्यसम्पादन सुरु गरे । संविधानको अनुसूचिमा प्रदेश संरचनालाई प्रदान गरिएका अधिकारमा रहेर प्रदेश सरकार तथा मन्त्रीपरिषद्का साथै प्रदेश सभाले कानून तथा योजना निर्माणमा काम गरिरहेका छन् । नीतिगत योजनाका लागि कर्णाली प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश योजना आयोग, व्यवसायिक वातावरणसँग सम्बन्धित कामका लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय रहेको छ । मन्त्रालयअन्तर्गत उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय रहेको छ । निर्देशनालय अन्तर्गत कर्णाली प्रदेशका ९ वटा जिल्लाहरुमाउद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु रहेका छन् भने सुर्खेत जिल्लाको लागि उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाटै काम हुँदै आएको छ ।

## १.२ अध्ययनको औचित्य

सार्वजनिक सेवाप्रवाह र नीतिनिर्माण नागरिकहरुका लागि महत्वपुर्ण विषय हो । कर्णाली प्रदेश सभाका निर्वाचित जनप्रतिनिधिहरुले नागरिकहरुका लागि आवश्यक नीतिनिर्माण गर्ने प्रतिवद्धतासहित निर्वाचित भएर आएका हुन् । संविधानले पनि उनिहरुलाई प्रदेशको अवस्था र वास्तविकताअनुकुल नीतिनिर्माण गर्ने दायित्व प्रदान गरेको छ । नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत लेखिएको छ, ‘प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ ।’ यस अर्थमा नेपालको कुनै पनि भू(भागमा नेपाली नागरिकलाई निर्वाध रुपमा पेशा व्यवसाय

गर्न पाउने अधिकार छ। यस विषयलाई प्राथमिकतामा राखेर पनि नागरिकहरुको आर्थिक विकासका लागि प्रदेश सरकारलाई व्यवसायिक वातावरणलाई सहज बनाउनका लागि नीतिनिर्माण गर्ने दायित्व रहेको हुन्छ।

प्रदेश सरकारले व्यवसायिक वातावरणको अलवा संविधानले प्रदान गरेका एकल र साझा अधिकारहरुको प्रयोग गरी अन्य विभिन्न् कानूनहरु पनि निर्माण गर्नपर्ने हुन्छ। त्यसक्रममा नागरिकहरुको आर्थिक विकास र प्रदेशको आर्थिक वृद्धीसँग जोडिएको व्यवसायिक वातावरण र उद्यमशिलतालाई वृद्धी गर्नका लागि केकस्तो प्राथामिकता छ भनी अध्ययन जरुरी छ। प्रदेश सभाले वार्षिक नीति तथा कार्यक्रमको छलफल र निर्माणमा व्यवसायिक वातावरणलाई कति प्राथमिकता दिएको छ भन्न् कुराले पनि धेरै ठुलो अर्थ राख्दछ।

यसर्थ यो अध्ययन कर्णाली प्रदेशमा संघीय संरचनाको कार्यान्वयनपश्चात व्यवसायिक वातावरण निर्माणका लागि के कति प्रगती भएका छन् भन्ने विषयमा सम्बन्धित छ। अध्ययनमा संघीयतापश्चात कर्णाली प्रदेशको आर्थिक विकासका लागि प्रदेश संरचनाले व्यवसायिक वातावरणको निर्माणको लागि गरेका नीतिगत तथा अन्य संरचनागत विकासको कुराहरु पनि समेटिएका छन्। यस अध्ययनबाट प्रदेशमा व्यवसायिक वातावरणको लागि प्रदेश सरकारले गर्नपर्ने काम तथा नीतिनिर्माणबारे स्पष्टता तथा यस क्षेत्रमा भएको प्रगतिको वास्तविक अवस्था उजागर भई आगामी दिनका लागि कार्ययोजना बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। साथै यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई पनि यो अध्ययन सन्दर्भसामग्रीको रुपमा हुने अपेक्षा गरिएको छ।

## १.३ अध्ययन विधि

यस अध्ययनमा कर्णाली प्रदेश सरकारको निर्माण र कार्यान्वयपश्चात व्यवसायिक वातावरणसँग सम्बन्धित नीति तथा कार्यक्रम, बजेट, निर्माण गरिएका कानून तथा संरचनाहरुको बारेमा विश्लेषण गरिएको छ। प्रदेश सरकारले हालसम्म गरेका सम्पुर्ण मन्त्रिपरिषद्का निर्णयहरु अध्ययन गरी व्यवसायिक वातावरणसम्बन्धि निर्णयहरु पनि सुचिवद्ध गरिएको छ।

प्रश्नावलीको आधारमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रहेका २५ वटा सेवा, ४ वटा उत्पादनमुलक र १ वटा सुचना प्रविधि उद्योगका संचालकहरुसँग अन्तर्वार्ता गरिएको छ। व्यवसायसँग सम्बन्धित काम गर्न बनेका संस्था र कानुनको संख्या र तिनको प्रभावकारिताको विश्लेषण गर्न अध्ययन गरिएको थियो। अन्तमा, अन्तर्वार्ताबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई थप विश्लेषण र यस प्रतिवेदन लेखनका लागि सान्दर्भिक विषयवस्तुहरूमा विभाजन गरिएको थियो।

## १.४ अध्ययनका सीमाहरू

- यस अध्ययनमा कर्णाली प्रदेश सरकार स्थापना भएपश्चातको पहिलो कार्यकाल ९२०७४ माघ देखि २०७९ भदौसम्मको को विवरण तथा तथ्यांक समेटिएको छ।
- यस अध्ययन प्रदेश सरकार र यस मातहतका निकायहरुको कार्यक्षेत्रसँग सम्बन्धित छ।
- यो अध्ययनमा प्राथामिक तथा द्वित्तिय तथ्यांकहरु प्रयोग भएका छन्।
- यो अध्ययनमा प्रयोग भएको प्राथमिक तथ्यांक संकलनका लागि वीरेन्द्रनगरका उद्यमीहरुसँग मात्र कुरा गरिएको छ।
- यो अध्ययन २ महिनाको समयावधीमा सम्पन्न् भएको हो।

अध्याय: २

# प्रदेश सरकारको अधिकार क्षेत्र तथा विधमान अवस्था

## २.१ प्रदेश सरकारको अधिकार र अधिकार क्षेत्र

संविधानको अनुसूची ६ र ७ मा प्रदेश सरकारको अधिकारको सुची उल्लेख गरिएको छ। अनुसूची ६ मा सूचीबद्ध भएका विषयमा प्रादेशिक सरकारहरूलाई विशेष अधिकार छ तर अनुसूची ७ सम्बन्धी मामिलामाप्रदेश सरकारहरूले संघीय सरकारको कार्यको आधारमा आफ्नो अधिकार प्राप्त गर्छन। अनुसूची ६ मा शिक्षा, कृषि व्यवस्थापन, सेवा र व्यापार र व्यवसायका प्रावधानहरूबाट कूल २१ अधिकारहरु समेटिएको छ। यस प्रतिवेदनको विषयवस्तु व्यापार र व्यवसायको क्षेत्रसँग मात्र सम्बन्धित छ, त्यसैले व्यापार र व्यवसायसँग सम्बन्धित अधिकारहरुलाई मात्र विश्लेषण गरिएको छ। व्यापार र व्यवसायसँग सम्बन्धित अधिकारहरु र तिनीहरूको विशिष्टताहरूबारे विवरण तल उल्लेख गरिएको छ।

**नेपालको संविधानको अनुसूची ६ अनुसार व्यापार, वाणिज्य र उद्योगसाग सम्बन्धित प्रादेशिक सरकारहरूको विशेष अधिकार क्षेत्र**

| शर्षक | मन्त्रीपरिषद्बाट निर्णय गर्ने अधिकार |
|---|---|
| अन्तर-प्रदेश व्यापार | प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र व्यापार वाणिज्य सम्बन्धी नियमन |
| | प्रादेशिक व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन |
| | अन्तर-प्रदेश व्यापार पूर्वाधारको निर्माण, सञ्चालन, समर्थन, सहजीकरण, समन्वय र नियमन |
| | यातायात/ट्रान्जिट प्रणाली र कार्गो व्यवस्थापन |
| | सिन्डिकेट नियन्त्रण, व्यापार र प्रतिस्पर्धाको कार्टेलिङ सम्बन्धी नीति र कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| | सामग्री, सेवा र बौद्धिक सम्पत्ति सम्बन्धी मामिलासँग सम्बन्धित व्यापार |
| | वाणिज्य फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन |
| | राज्यस्तरीय सार्वजनिक संस्थान, समिति, संस्था र समितिहरू आदिको सञ्चालन व्यवस्थापन सुधार र नियमन। |
| | निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने |
| | प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान |
| भूमि व्यवस्थापन र भूमि अभिलेख राख्ने | भूमि तथा भूउपयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन |
| | भूमि व्यवस्थापन, भूमि प्रशासन र भूमि मापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| | निजी सरकारी र सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| | जग्गा दर्ता, स्वामित्व हस्तान्तरण र स्वामित्व हस्तान्तरण सम्बन्धी नीति र मापदण्ड निर्धारण |
| | नक्सा, भौगोलिक सूचना र अभिलेख व्यवस्थापन संघीय सरकारबाट प्राप्त भयो |
| | क्याडस्ट्रल मापन नियन्त्रण बिन्दुको नेटवर्कको स्थापना |
| | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, मुआब्जा निर्धारण र वितरणमा समन्वय र सहजीकरण |
| | जग्गा विवादको समाधान |
| | जग्गा स्वामित्व प्रमाणपत्र वितरण सम्बन्धी मापदण्ड निर्धारण |
| | जग्गाको दोहोरो स्वामित्व अन्त्य गर्ने नीति कार्यान्वयन गर्ने |
| कृषि र पशुपालन विकास, कलकार खाना, औद्योगिकीकरण, व्यापार, यातायात | कलकारखाना, औद्योगीकरण, व्यापार व्यवसाय |
| | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | औद्योगिकीकरण व्यवसाय प्रवर्द्धन र नियमन सम्बन्धी विषयहरू |
| | उद्योग दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन सम्बन्धी मामिलाहरू |
| | राज्यस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तार |
| | औद्योगिक भौतिक पूर्वाधार विकास सम्बन्धी योजना र कार्यान्वयन |
| | औद्योगिक विकास र प्रवर्द्धन सम्बन्धी विषयहरू |
| | औद्योगिक सामग्री निकासी प्रवर्द्धन सम्बन्धी विषयहरू |
| | प्रदेश सार्वजनिक संस्थानको विकास, औद्योगिक विकास, प्रवर्द्धन र नियमन |

## २.२ सामाजिक तथा आर्थिक तथ्यांकमा कर्णाली प्रदेश

कर्णाली प्रदेशको क्षेत्रफल नेपालको कूल भूभागको १८.९७ प्रतिशत रहेको छ। नेपालको राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजा अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ९४ हजार ८ सय ८९ अर्थात कूल जनसङ्ख्याको ५.८१ प्रतिशत र जनसङ्ख्या वृद्धिदर ०.७३ प्रतिशतरहेको छ .[1] केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०७८र७९अनुसार नेपालको चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ५.८४ प्रतिशत र कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ५.४७ प्रतिशत हुने अनुमान रहेको छ।[2] मानव विकास प्रतिवेदन, २०२० अनुसार सामाजिक, आर्थिक सूचकाङ्कमा कर्णाली प्रदेशको अवस्था कमजोर देखिन्छ। नेपालकोमानव विकास सूचकाङ्क ०.६०२ रहेकोमा कर्णाली प्रदेशको ०.५३८ रहेको छ।[3] नेपालको कुल राष्ट्रिय प्रतिव्यक्ति आय १३७२ अमेरिकी डलर र कर्णाली प्रदेशको ९६४ अमेरिकी डलर रहेको छ। नेपालको गरिबी १८.६ प्रतिशत र बहुआयामिक गरिबी १७.४ प्रतिशत छ भने कर्णाली प्रदेशको गरिबी २८.९ प्रतिशत र बहुआयामिक गरिबी ३९.५ प्रतिशत रहेको छ। राष्ट्रिय औषत आयु ७० वर्ष र कर्णालीवासीको औषत आयु ६७ वर्ष रहेको छ। राष्ट्रिय साक्षरता ८५ प्रतिशत र कर्णाली प्रदेशको साक्षरता ६२.७७ प्रतिशत रहेको छ।[4]

१ राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक तथ्यांक। (२०७८)। नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्यांक विभाग।

2 Economic Survey 2021/22 .(2022). Government of Nepal, Ministry of Finance .

3 Nepal Human Development Report 2020 .(2020). Government of Nepal National Planning Commission .

4 ah]^ jQmJo cflys} jif{@)&(/)*), s)ff{nL kb]z ;/sf/ .

### २.२.१ प्रदेशको आर्थिक तथा सामाजिक परिसुचक

| परिसुचक | कर्णाली | नेपाल |
|---|---|---|
| स्थानीय तह | ७९ | ७५३ |
| जनसंख्या (प्रतिशतमा) | ५.८१ | १०० |
| क्षेत्रफल (प्रतिशतमा) | १८.९७ | १०० |
| **आर्थिक तथा सामाजिक क्षेत्र** | | |
| आर्थिक वृद्धीदर - उपभोक्ताको मुल्यमा (प्रतिशतमा) | ५.४७ | ५.८४ |
| कुल ग्राहस्थ उत्पादनमा प्रदेशको योगदान (उपभोक्ताको मुल्यमा) | ४.१ | १०० |
| प्रतिव्यक्ति जिडिपि (अमेरिकन डलरमा) | ९६४ | १३७२ |
| बहुआयामिक गरिबी | १८.६ | १७.४ |
| मानव विकास सुचकांक | ०.५३८ | ०.६०२ |
| उद्योग दर्ता संख्या | ७९ | ८६५६ |
| लघु, घरेलु तथा साना उद्योग संख्या | २९२४८ | ५५५७७६ |
| उद्योगमा लगानी (रु. अर्ब) | १३५.२ | २५१२.१ |
| कम्पनी दर्ता संख्या | ३५२६ | २८३३५८ |
| जलविद्युत उत्पादन (मेगावाट) | ११ | २०२३ |
| वन क्षेत्र (प्रतिशतमा) | १७.९ | १०० |
| स्थानीय सडक सञ्जाल (किमि) | ३३०१ | ६४६१७ |
| विद्यालय संख्या | ३३१२ | ३४३६८ |
| प्रदेशगत खर्च (रु. करोड) | २२०४ | १८८८३ |
| प्रदेशगत राजश्व (रु. करोड) | ७६७ | ८७९४ |

स्रोत: आर्थिक सर्वेक्षण २०७८/०७९

### २.२.२ कर्णालीप्रदेशमा रहेका प्रतिष्ठान

आर्थिक सर्वेक्षण २०७८र०७९ अनुसार कर्णालीमा हालसम्म ४२ हजार ८ सय ७ वटा व्यवसायिक प्रतिष्ठान रहेका छन्। जबकि नेपालभर कुल नौ लाख २३ हजार तीन सय ५६ वटा व्यवसायीक प्रतिष्ठानहरु रहेका छन्। नेपालमा कुल रहेका प्रतिष्ठानमध्ये कर्णालीमा मात्र ४।टद्ध प्रतिशत व्यवसायिक प्रतिष्ठान रहेका छन्। कर्णाली प्रदेशमा सहज व्यवसायिक वातावरण अन्य प्रदेशको तुलनामा कमजोर रहेको हुनाले यहाँ अत्यन्त न्युन प्रतिष्ठानहरु रहेको हुन सक्छ। साथै भौगोलिक जटिलता, विकासका पुर्वाधार हरुको न्युन विकास आदी कारण पनि व्यवसायिक वातावरण सहज हुन सकेको छैन।

| जम्मा प्रतिष्ठान संख्या | |
|---|---|
| **कर्णाली** | ४२८०७ |
| **नेपाल** | ९२३३५६ |
| **कर्णालीको प्रतिशत** | ४.६४ |

स्रोत: आर्थिक सर्वेक्षण २०७८/०७९

### २.२.३ कर्णाली प्रदेशमा उद्योग प्रतिष्ठानमा संग्लग्न जनशक्ति

आर्थिक सर्वेक्षण २०७८र०७९ अनुसार कर्णालीमा रहेका ४२ हजार ८ सय ७ वटा व्यवसायिक प्रतिष्ठानमा कुल १ लाख १८ हजार ९ सय ५१ जना जनशक्ति संग्लग्न रहेका  छन् । जसमा महिला ४८ हजार १ सय ७३ र पुरुष ७० हजार ८ सय १४ जना रहेका  छन् । नेपालभर रहेका कुल ९ लाख २३ हजार ३ सय ५६ वटा व्यवसायीक प्रतिष्ठानहरुमा १२ लाख १६ हजार २ सय २० जना महिला र २० लाख १२ हजार २ सय ३७ जना पुरुष गरी कुल ३२ लाख २८ हजार ८ सय ५७ जना व्यक्तिहरु जनशक्तिको रुपमा व्यवसायिक प्रतिष्ठानमा संलग्न भएका  छन् ।

नेपालको कुल जनसंख्याको छ ।डज्ञ प्रतिशत र कुल भुभागको १८.९७ प्रतिशत हिस्सा ओगटेको कर्णालीमा व्यवसायिक प्रतिष्ठान र त्यसमा संग्लग्न जनशक्तिको हिस्सा ज्यादै न्यून देखिएको छ । नेपालमा कुल व्यवसायिक प्रतिष्ठानमा संग्लग्न जनशक्तिको ३।टड प्रतिशतमात्रै कर्णालीका नागरिक  छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णालीको जनसंख्या १६ लाख ९४ हजार ८ सय ८९ जना रहेकोमा ७.०२ जनसंख्यामात्रै व्यवसायिक प्रतिष्ठानमा संग्लग्न भएको पाइएको छ । जबकि नेपालको जनसंख्याको ११.०५ प्रतिशत जनशक्ति व्यवसायिक प्रतिष्ठानमा संग्लग्न रहेका  छन् ।

### २.२.४ कर्णालीमा विदेशी लगानी स्वीकृत भएका उद्योग

आर्थिक सर्वेक्षण २०७८र०७९ अनुसार कर्णाली प्रदेशमा विदेशी लगानी स्वीकृत भएका साना उद्योगहरु जम्मा ७३ वटा रहेका छन् । जुन नेपालभर विदेशी लगानी स्वीकृत भएका साना उद्योगहरुको १.६२ प्रतिशतमात्रै हो । नेपालभर ४ हजार ४ सय ९९ वटा साना उद्योगहरुमा विदेशी लगानी स्वीकृत भएको छ ।

त्यसैगरी कर्णाली प्रदेशमा विदेशी लगानी स्वीकृत भएका मझौला उद्योगहरु जम्मा १२ वटा रहेका  छन् । जुन नेपालभर विदेशी लगानी स्वीकृत भएका मझौला उद्योगहरुको २.१२ प्रतिशतमात्रै हो । नेपालभर छ सय ६६ वटा मझौला उद्योगहरुमा विदेशी लगानी स्वीकृत भएको छ ।

कर्णाली प्रदेशमा विदेशी लगानी स्वीकृत भएका ठुला उद्योगहरु जम्मा ४ वटा रहेका  छन् । जुन नेपालभर विदेशी लगानी स्वीकृत भएका ठुला उद्योगहरुको १.२५ प्रतिशतमात्रै हो । नेपालभर ३ सय २० वटा ठुला उद्योगहरुमा विदेशी लगानी स्वीकृत भएको छ ।

**विदेशी लगानी स्वीकृत भएका उद्योग**

| | साना उद्योग | मझौला उद्योग | ठुला उद्योग | जम्मा |
|---|---|---|---|---|
| **कर्णाली** | ७३ | १२ | ४ | ८९ |
| **नेपाल** | ४४९९ | ५६६ | ३२० | ५३८५ |
| **कर्णालीको प्रतिशत** | १.६२ | २.१२ | १.२५ | १.६५ |

स्रोत: आर्थिक सर्वेक्षण २०७८/०७९

आर्थिक सर्वेक्षण २०७८/०७९  अनुसार कर्णाली प्रदेशमा विदेशी लगानी स्वीकृत भएका साना, मझौला र ठुला उद्योगहरु जम्मा ८९ वटा रहेका  छन् । जुन नेपालभर विदेशी लगानी स्वीकृतभएका साना उद्योगहरुको १.६५ प्रतिशतमात्रै हो । नेपालभर छ हजार ३ सय ८५ वटा उद्योगहरुमा विदेशी लगानी स्वीकृत भएको छ । कर्णालीमा ठुला उद्योगहरुको संख्या कम हुँदा ठुलो मात्रामा रोजगारी सृजना हुन सकिरहेको छैन ।

### २.२.५ कर्णालीमा लघु घरेलु तथा साना उद्योग

आर्थिक सर्वेक्षण २०७८/०७९  अनुसार कर्णाली प्रदेशमा जम्मा २९ हजार २ सय ९४ वटा लघु, घरेलु तथा साना उद्योगहरु रहेका  छन् जुन नेपालभर रहेका ५ लाख ५५ हजार ७ सय ७६ वटा लघु, घरेलु तथा साना उद्योगको ५.२६ प्रतिशत हो ।

| | जम्मा उद्योग | प्रस्तावित रोजगारी |
|---|---|---|
| **कर्णाली** | २९२४८ | १३३९६५ |
| **नेपाल** | ५५५७७६ | ३००८३६९ |
| **कर्णालीको प्रतिशत** | ५.२६ | ४.४५ |

स्रोत: आर्थिक सर्वेक्षण २०७८/०७९

कर्णालीमा रहेका वटा लघु, घरेलु तथा साना उद्योगमा प्रस्तावित रोजगारी संख्या १ लाख ३३ हजार ९ सय ६५ जना रहेको छ। नेपालभरका लघु, घरेलु तथा साना उद्योगमा प्रस्तावित रोजगारी संख्या ३० लाख ८ हजार ३ सय ६९ जना रहेको छ। नेपालभर रहेका वटा लघु, घरेलु तथा साना उद्योगमा प्रस्तावित रोजगारीको कर्णालीमा ४.४५ प्रतिशतमात्रै रहेको छ।

### २.२.६ औधोगिक ग्राम

नेपाल सरकारले घोषणा गरेका १०५ औधोगिक ग्राममध्ये कर्णालीमा छ। ७१ प्रतिशत अर्थात ६ वटा रहेका छन् तर हालसम्म ती औधोगिक ग्रामहरु बनिसकेका छैनन्। सुर्खेतमा एउटा औधोगिक क्षेत्र रहेको छ जुन एकदमै सानो र साँघुरो रहेको उद्योग वाणिज्य संघ सुर्खेतका पदाधिकारीहरुले बताउँदै आएका छन्।[5]

### २.२.७ क्षेत्रगत उद्योग दर्ता विवरण

| | कृषि तथा वन | पुर्वाधार | उर्जा | सुचना | उत्पादनमुलक | खनिज | सेवा | पर्यटन | जम्मा | कुल लगानी रु. करोडमा | कुल रोजगारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कर्णाली** | १ | २ | २० | ० | १८ | ५ | २८ | ५ | ७९ | १३५२१ | ८४५० |
| **नेपाल** | ५१० | ६२ | ४८० | ८८ | ३२२४ | ७० | २३१७ | १९०५ | ८६५६ | २५१२२० | ६४८०३५ |
| **कर्णालीको प्रतिशत** | ०.१९ | ३.२२ | ४.१६ | ० | ०.५५ | ७.१४ | १.२१ | ०.२६ | ०.९१ | ५.३८ | १.३० |

स्रोत: आर्थिक सर्वेक्षण २०७८/०७९

कर्णाली प्रदेशमा उद्योग विभागमा जम्मा ७९ वटा उद्योगहरु दर्ता भएका छन्। जुन नेपालमा दर्ता भएका कुल ८ हजार छ सय ५६ उद्योगको ०.९१ प्रतिशत हो। ती उद्योगहरुबाट प्रदेशमा ८ हजार ४ सय ५० रोजगारी सिर्जना भएको छ। उद्योग विभागमा दर्ता भएका ५१० कृषि तथा वनजन्य उद्योगहरुमध्ये कर्णालीमा १ वटामात्रै उद्योग रहेको छ। नेपालभर ६२ वटा पुर्वाधारजन्य उद्योग दर्ता हुँदा कर्णालीमा २ वटामात्रै रहेका छन्। कर्णालीमा उर्जामुलक उद्योगहरु भने २० वटा रहेका छन्। नेपालभर उर्जामुलक उद्योगहरु ४८० वटा रहेका छन्। नेपालभर ३ हजार २ सय २४ वटा उत्पादनमूलक उद्योगहरु रहँदा कर्णालीमा १८ वटामात्रै रहेका छन्।त्यसैगरी कर्णालीमा खनिज उद्योग ५, सेवा उद्योगहरु २८ र पर्यटन उद्योगहरु ५ वटा रहेका छन्।

### २.२.८ प्रादेशिक र स्थानीय सडक विवरण

कर्णालीको सडक घनत्व ०.१२ किमि प्रतिवर्गकिमि रहेको छ। जबकि राष्ट्रिय सडक घनत्व ०.४४ किमि प्रतिवर्गकिमि रहेको छ। कर्णालीमा राष्ट्रिय राजमार्गबाहेक प्रादेशिक र स्थानीय सडक ९० किलोमिटर रहेको छ।

5 nldOf sB{h, cllolf, ;ív{ pBf{u jflOfHo ;3

| | धुलो कच्ची | ग्रावेल | कालोपत्रे | जम्मा | सडक घनत्व (किमि प्रतिवर्ग किमि) |
|---|---|---|---|---|---|
| **कर्णाली** | ३००२ | २०९ | ९० | ३३०१ | ०.१२ |
| **नेपाल** | ४६४११ | १३६२९ | ४५४७ | ६४६१७ | ०.४४ |
| **कर्णालीको प्रतिशत** | ६.४६ | १.५३ | १.९७ | ५.१०१ | |

स्रोत: आर्थिक सर्वेक्षण २०७८/०७९

कर्णाली प्रदेशका ९ वटा जिल्लामा राष्ट्रिय सडक सञ्जालको पहुँच पुगेको छ। हुम्ला जिल्लामा राष्ट्रिय सडक सञ्जाल पुऱ्याउनका लागि कर्णाली करिडोरमार्फत काम भइरहेको छ।कर्णालीमा १० वटा स्थानीय तहमा हालसम्म पनि राष्ट्रिय सडकको पहुँच पुगेको छैन। ती १० स्थानीय तहमा सडक पहुँच पुग्नको लागि २४७ किमि सडक आवश्यक रहेको देखिन्छ। कच्चिमात्रै सडक पुगेका २२ वटा स्थानीय तह रहेका  छन्। ती २२ वटा स्थानीय तहमा पक्की सडक पुर्याउन २९७ किमि कालोपत्रे गर्नपर्ने देखिन्छ।

### २.२.९ राष्ट्रिय सडक विवरण

कर्णालीमा जम्मा १ हजार ४ सय ४१ वर्गकिलोमिटर राष्ट्रिय राजमार्ग रहेको छ। जसमा ६६४ किमि कच्ची, १६१ किमि ग्रावेल र ६१५ किलोमिटर कालोपत्रे रहेको छ।[6]

| सडक वर्गीकरण | दुरी किलोमिटर |
|---|---|
| **कच्ची** | ६६४.४७ |
| **ग्राभेल** | १६१ |
| **कालोपत्रे** | ६१५.४२ |
| **जम्मा** | **१४४१.१९** |

श्रोत: ssrn.aviyaan.com

### २.२.१० प्रदेशको बजेट

**प्रदेश सरकारको बजेट खर्चको स्थिति**

| आर्थिक वर्ष | चालु खर्च (विनियोजित बजेटको प्रतिशत) | पुँजिगत खर्च | जम्मा खर्च (प्रतिशत) |
|---|---|---|---|
| २०७५/७६ | | ५४.०६ | ३५.३७ |
| २०७६/७७ | ५५.४५ | ४२.८० | ४९.१४ |
| २०७७/७८ | ५७.८७ | ७०.६३ | ६५.८० |
| २०७८/७९ | ६६.२२ | ६०.०२ | ६२.३७ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश[7]

कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५र०७६ देखि आर्थिक वर्ष २०७७र०७८ सम्मको कुल बजेट ९८ अर्ब ६१ करोड ६६ लाख ३५ हजार प्रस्तुत भएको थियो। उक्त बजेटको संरचना हेर्दा चालु तर्फ ३३.६८ प्रतिशत र पुँजीगत तर्फ ६६।३२ प्रतिशत विनियोजन भई सो विनियोजनको चालुतर्फ ६१.८३ प्रतिशत र पुँजीगततर्फ ४३.४३ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०७८/७९ मा ३६ अर्ब ५४ करोड ६६ लाख रुपैयाँ बिनियोजन भइ करिब ६२.३७ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ६६.२२ र पुँजिगत तर्फ ६०.०२ प्रतिशत बजेट खर्च भएको हो। प्रदेशको आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७७/७८ सम्मको आन्तरिक राजस्व सङ्कलन १ अर्ब ३४ करोड ४३ लाख भएको छ। तथ्यांक हेर्दा कर्णाली प्रदेश सरकार स्थापना भएपश्चातको प्रदेशको बजेट कार्यान्वयन अवस्था कमजोर देखिन्छ। पुँजीगत खर्चको कार्यान्वयन अत्यन्त न्युन हुने गरेको छ। यसले गर्दा विकास निर्माणका कामहरुले रफ्तार लिन नसकेको देखिन्छ।

6 http://ssrn .aviyaan .com/road_network/getProvinceCategoryAndPavement/6
7 k|b]z n]vf lgoGq0f sfof{no, s0ff{nL k|b]z] ;rgfsf]xs dfkm{t pknAw u/fPsf]lj j/)f

### २.२.११ विद्युतको पहुँच

२०७८ फागुनसम्म राष्ट्रिय प्रसारणबाट नेपालभर सबैभन्दा कम कर्णालीमा जम्मा ४३.८७ प्रतिशत नागरिकमा विद्युतको पहुँच पुगेको छ। नेपालमा वैकल्पिक उर्जासहित ९४ प्रतिशत नागरिकमा विद्युतको पहुँच पुगेको छ। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाहेक कर्णालीमा जम्मा ११ मेगावाट विद्युत उत्पादन हुँदा देशभर २०२३ मेगावाट विद्युत उत्पादन भएको छ।[8]

नेपाल विद्युत प्राधिकरणले आगामी दुई वर्षभित्रमा कर्णाली प्रदेशका १० जिल्लाका बासिन्दाको घरमा विद्युत पुर्याउने भएको छ। प्राधिकरणले कर्णालीबासीको हरेक घरमा दुई वर्षभित्र विद्युतको पहुँच पुर्याउने लक्ष्यका साथ विद्युतीकरणलाई अगाडि बढाएको छ। कर्णाली प्रदेशका १० जिल्लाका २५ नगरपालिका र ५४ गाउँपालिकामध्ये २२ नगरपालिका र २१ गाउँपालिकामा विद्युत पुगेको छ। तीन नगरपालिका र ३३ गाउँपालिकामा अझैसम्म विद्युत पुग्न सकेको छैन। नगरपालिका र गाउँपालिकाका कुल ७१८ वडा मध्ये ३९३ मा विद्युत पुगेको छ। कर्णाली प्रदेशको समग्र विद्युतीकरण ४४.९३ प्रतिशत छ।[9]

कर्णाली प्रदेशमा हाल ४७ गिगावाट घण्टा विद्युत खपत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा कर्णाली प्रदेशमा घरेलु प्रयोजनको लागि ६५ प्रतिशत बिजुली खपत गरिएको छ भने वाणिज्य र उद्योग क्षेत्रमा क्रमशः ९.७ र १०.९ प्रतिशत बिजुली खपत गरिएको छ। आर्थिक वर्ष २०७६/७७ मा कर्णाली प्रदेशमा विद्युतबाट कुल राजस्वमा घरेलु क्षेत्रको योगदान ५७५ रहेको छ भने वाणिज्य र गैरव्यावसायिक क्षेत्रको योगदान क्रमशः १७५ र ११५ रहेको छ। उद्योगले कुल राजस्वको १० प्रतिशत योगदान गरेको छ।

आर्थिक वर्ष २०७५/७६ मा घरेलु, वाणिज्य र उद्योग, वाणिज्यको योगदान क्रमशः ५९५, १५५ र ११५ थियो। ५ हजार ६ सय ५८ मेगावाट क्षमताका १६ जलविद्युत आयोजना र २६ दशमलव २ मेगावाट क्षमताका ३ सौर्य आयोजनासहित जम्मा २९ आयोजनाले सर्वेक्षण अनुमतिपत्र पाएका छन्। २०२० को जनवरी देखिको इजाजतपत्रको तथ्याङ्कका आधारमा कर्णाली प्रदेशमा क्रमशः ५३२.४८ मेगावाट र २६.२ मेगावाट क्षमताका जम्मा २६ जलविद्युत आयोजना र ३ सोलार आयोजनालाई सर्वेक्षण अनुमतिपत्र दिइएको छ। तीनवटै सौर्य आयोजना सुर्खेत जिल्लामा छन्।[10]

8 Economic Survey 2021/22 .(2022). Government of Nepal, Ministry of Finance .

9 b0{jif{eq s)f{nL kb]zsf ;a}sf]#/df lahnL ko{0g].-2078_ kmfNu)f 30 . v/laf]\ . Retrieved July 3, 2022, from https://kharibot .com/news-details/101580/2022-03-14

10 Energy Profile Karnali Province . (2021, March). Ministry of Physical Infrastructure and Development, Karnali Province .

अध्याय: ३

# प्रदेशमा नीतिगत र कार्यक्रमगत पहलहरू

## ३.१ कर्णाली प्रदेश सरकारको उद्योग व्यवसायसँग सम्बन्धित निर्णयहरू (मन्त्रिपरिषद्को बैठकको आधारमा)

अध्ययनमा कर्णाली प्रदेश सरकार स्थापना भएयता २०७४ माघदेखि २०७९ भदौसम्म प्रदेश सरकारले सार्वजनिक गरेका मन्त्रीपरिषद् बैठकका निर्णयहरुमध्ये व्यवसायिक वातावरण र नीजि क्षेत्रसँग सम्बन्धित निर्णयहरुलाइ समावेश गरिएको छ । जसमध्ये मुख्य निर्णयहरु तपशिलबमोजिम रहेका  छन् । सो अवधिमा व्यवसायिक वातावरण र निजी क्षेत्रसँग सम्बन्धित सबै निर्णयहरुलाई अनुसूची १ मा राखिएको छ । तपशिलमा उल्लेखित निर्णयबाहेकका अन्य निर्णयहरु विधेयकसँग सम्बन्धित  छन् । सो अवधिमा मन्त्रीपरिषदले व्यवसायिक वातावरण तथा उद्यम व्यवसायसँग सम्बन्धित निर्णयहरु उल्लेखनीय मात्रामा गरेको छैन ।

| क्र. सं. | मन्त्रिपरिषद्को निर्णय | निर्णय गरिएको मिति |
|---|---|---|
| १ | कर्णाली प्रदेशमा निजि क्षेत्रबाट लगानी हुने आयोजना आयोजना ।योजना र उद्योगमा र ाज्यबाट संकलन हुने कर र राजश्वमा १० वर्षसम्म छुट मिलाईदिनत नेपाल सरकार अर्थ मन्त्रालयलाई अनुरोध गर्ने । | २०७५ साउन १० गते |
| २ | दस्तुर र जरिवाना प्रचलित कानुनबमोजिम हुनेगरी प्राइभेट फर्मको नविकरण समयअवधि २०७७ साल पौस मसान्तसम्म थप गर्ने । | २०७७ कार्तिक ८ |
| ३ | २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरेका प्राइभेट फर्महरुले २०७८ पुस मसान्तभित्र विवरण र जरिवाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकि जरिवाना तथा शुल्क मिनाहा गर्ने । | २०७८ कार्तिक ७ |

श्रोत: https://ocmcm .karnali .gov .np/

## ३.२ कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा नीजी क्षेत्र र उद्योग तथा व्यवसाय

२०७४ सालमा प्रदेश सरकार स्थापना भइ कार्यसञ्चालन गरेपश्चात आर्थिक वर्ष २०७४/०७६ को लागि प्रदेश सरकारले पुरक बजेट ल्याएको थियो । त्यसपश्चात प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८ सम्म पाँचवटा पुर्ण बजेट ल्याएको छ । प्रदेश सरकारले प्रक्रियागत रुपमा उद्योग व्यवसाय तथा व्यवसायिक वातावरणसँग सम्बन्धित विषयहरु समेटेपनि प्राथामिकतामा राखेर नै बजेट वक्तव्यमा समेटिएको देखिँदैन । प्रदेश सरकार स्थापना भएपश्चात आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० सम्मका बजेट वक्तव्यमा समेटिएका उद्योग व्यवसाय तथा व्यवसायिक वातावरणसँग सम्बन्धित विषयहरु अनुसुची २ देखि ७ सम्म उल्लेख गरिएको छ ।

## बजेटमा समावेश भएका मुख्य विषयहरू

| क्र.सं. | आर्थिक वर्ष | विवरण |
|---|---|---|
| १ | २०७४/७५ | • प्रदेशलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्न रणनीति तयार गर्ने<br>• स्थानीय सीप, स्रोत, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने नीति तयार गरी लागू गर्ने ।<br>• स्वदेशी तथा वैदेशिक लगानी उद्योगहरु स्थापना गर्न, लगानीको उपयुक्त वातावरण तयार गर्न, उद्योग व्यवसाय सञ्चालनमा एकद्वार नीति अवलम्बन गरी कर्णालीमा लगानीमैत्री वातावरण तयार गर्न उद्योग व्यवसाय सञ्चालन सम्बन्धी मार्गदर्शन तथा संहिता तयार गरी लागू गर्ने । |
| २ | २०७५/७६ | • १०० जना भूमिहीन परिवारलाई जमिन भाडामा लिई समूहमा आधारित व्यवसायिक खेती गर्न एक पाइलट परियोजना सञ्चालन गर्ने ।<br>• सहकारी मार्फत एक जिल्ला एक कृषिजन्य उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्न रु. १० करोड विनियोजन ।<br>• साना, मला तथा ठूला उद्योगहरूको स्थापना र विकास गरी नागरिकको समग्र जीवन पद्दतिलाई आर्थिक रूपबाट रुपान्तरण गर्दै प्रदेशलाई समृद्ध गर्ने । |
| ३ | २०७६/७७ | • वि. सं. २०७६ देखि २०८५ लाई लगानी दशक घोषणा गरी उद्योग बाणिज्य तथा आपूर्तिउत्पादनमूलक, रोजगारमूलक र निर्यातमूलक उद्योगमा लगानी अभिवृद्धि गर्ने व्यवस्था मिलाइएको ।<br>• स्थानीय तहमा विशेष उत्पादनको लागि उद्योग ग्राम स्थापना गरी परम्परागत प्रविधि, स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग प्रवर्द्धन, स्थानीय उत्पादनको उचित मूल्य र बजार पहुँच सुनिश्चित गर्न पूर्वाधार निर्माण सहुलियतपूर्ण ऋणका लागि रु. ६ करोड बजेट विनियोजन ।<br>• अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको लघु, मझौला र ठूला उद्योगको विकासका लागि आवश्यक बजेटको व्यवस्था ।<br>• निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडीबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरणका लागि आवश्यक वजेटको व्यवस्था । |
| ४ | २०७७/७८ | • प्रदेशभित्र उत्पादन तथा बिक्री वितरण हुने प्रमुख पहिचानजन्य उत्पादनको बजारीकरणका लागि कर्णाली ब्राण्डको प्रवर्द्धन ।<br>• पूर्वाधार लगायत प्रदेश प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गरिनेछ निजी क्षेत्रको आर्थिक गतिविधिलाई आवश्यक पर्ने लगानीको वातावरण, सुरक्षा र पूर्वाधार विकासमा प्राथमिकता दिइने ।<br>• कृषि तथा उद्यममा मौलिक सीप र नवीन प्रविधिको प्रयोग गर्दै स्वरोजगारी सिर्जना गर्न सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन । |

| | | |
|---|---|---|
| ५ | २०७८/७९ | • निजीक्षेत्र, सहकारी, गैरसरकारी क्षेत्र, विकास साझेदार रसमुदायस्तरबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रमलाई सहजीकरणतथा मूलप्रवाहीकरण ।<br>• प्रादेशिक औद्योगिक क्षेत्र र एक जिल्ला एक उद्योग ग्राम स्थापना कार्यक्रमलाई निरन्तर ता । विस्तृत आयोजना प्रतिवेदन तयार भएका उद्योग ग्रामहरुमा पूर्वाधार निर्माण गरिने । अध्ययन नभएका अन्य स्थानमा त्यस्ता उद्योग ग्राम स्थापनाका लागि उपलब्ध स्थानीय कच्चा पदार्थको लागत, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र जग्गा प्राप्तिको कार्य अगाडि बढाइनेछ ।<br>• निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशभित्र रहेका बहुमूल्य जडिवुटीहरुको प्रशोधन गरी निर्यात गर्नको लागि सुर्खेत जिल्लाको ि छन्चुमा कर्णाली जडिबुटी प्रशोधन उद्योग स्थापना गर्न उपयुक्त स्थान छनौट, जग्गा प्राप्ति र अन्य कानूनी प्रकृयाको कार्य सम्पन्न् गरिनेछ । यसका लागि रु ५ करोड बजेट विनियोजन ।<br>• स्थानीय कच्चा पदार्थमा आधारित नवप्रवर्तन एवं सिर्जनशील उद्यमशीलतालाई प्रोत्साहन गर्न बिउ पूँजी ९क्भभम :यलभथ० सहयोग कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन । |
| ६ | २०७९/८० | • कृषकलाई ऋणको व्याजमा सहुलियतपूर्ण अनुदानको लागि रु. ११ करोड ८९ लाख विनियोजन ।<br>• एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता । प्रदेशमा लघु घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने व्यवस्था मिलाइएको छ ।<br>• प्रदेश सरकारको स्वामित्वमा रहेको लघु औद्योगिक ग्राम निजी क्षेत्रको समन्वय र सहकार्यमा सञ्चालनमा ल्याई सबै प्रकारका लघु तथा घरेलु सामग्रीहरु एकै स्थानमा उत्पादन गर्ने व्यवस्था मिलाइएको छ । |

श्रोत: वजेट वक्तव्य,आर्थिक वर्ष २०७४/७५ देखि २०७९/८० कर्णाली प्रदेश सरकार

## ३.३ व्यवसायिक वातावरणसंग सम्बन्धित आवश्यक कानूनहरूको अवस्था

प्रदेशमा संविधानले दिएका अधिकारहरुको प्रयोग गरी व्यवसायिक वातावरणसँग सम्बन्धित कार्यसम्पादन तथा सेवाप्रवाहका लागि कम्तिमा १४ वटा ऐन तथा नियमावलीहरु आवश्यक पर्द छन् । तर कर्णाली प्रदेशमा न त आवश्यक मात्रामा ऐनहरु बनेका छन् न त बनेका ऐनका लागि आवश्यक पर्ने नियमावलीहरु नै प्रयाप्त मात्रामा बनेका छन् । प्रदेशमा हालसम्म ६ वटा ऐनहरु बनिसक्दा २ वटा नियमावलीहरु मात्रै बनेका छन् । बनिसकेका ऐनहरुका नियमावलीहरु अँफै बन्न् सकेका छैनन् । यसरी हेर्दा कर्णाली प्रदेशमा व्यवसायिक वातावरण सहज वनाउन आवश्यक पर्ने कानुनहरु पर्याप्त मात्रामा नबनेको र बनेका कानुनहरुको पनि नियमावली वन्न् नसक्दा कानुन कार्यान्वनयनमा जटिलता उत्पन्न् भइरहेको छ ।

| क्र. सं. | नीति तथा कानुनको नाम | कैफियत |
|---|---|---|
| १. | निजी फर्म दर्ता ऐन | |
| २. | निजी फर्म दर्ता नियमावली | |
| ३. | औद्योगिक व्यवसाय ऐन | बनेको |
| ४. | औद्योगिक व्यवसायनियमावली | |
| ५. | वातावरण संरक्षण ऐन | बनेको |

| | | |
|---|---|---|
| ६. | वातावरण संरक्षण नियमावली | बनेको |
| ७. | सहकारी ऐन | बनेको |
| ८. | सहकारी नियमावली | |
| ९. | उपभोक्ता संरक्षण ऐन | |
| १०. | पर्यटन ऐन | बनेको |
| ११. | सार्वजनिक खरिद नियमावली | बनेको |
| १२. | प्रदेशमा व्यापार(व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्ने ऐन | बनेको |
| १३. | सार्वजनिक र निजी क्षेत्रको साझेदारीको ऐन | बनेको |
| १४. | बजार अनुगमन र निरीक्षण नियमावली | |
| १५. | प्रदेश वन ऐन | |


स्रोतः pga.karnali.gov.np/moitfe.karnali.gov.np/

## ३.४ उद्योग व्यवसाय तथा नीजि क्षेत्रसँग सम्बन्धित नीतिहरूदर्ता तथा पारित भएको समयावधी

कर्णाली प्रदेश सभाले संविधानले प्रदान गरेका अधिकारहरुको प्रयोग गरी प्रदेशको लागि विभिन्न् कानुन निर्माणको लागि काम गर्नँपर्छ । प्रदेश सभाले पाँच वर्षको यो अवधिमा उल्लेख्य र आवश्यक मात्रामा नीतिनिर्माण गर्न सकेको देखिँदैन । प्रदेशको आर्थिक वातावरणसँग जोडिएको व्यवसायिक वातावरणसँग सम्बन्धित नीतिनिर्माणमा कमजोर देखिएको छ । प्रदेश सभाको स्थापनापश्चात ५ वर्षको पहिलो कार्यकालमा जम्मा ६ वटा नीतिहरु निर्माण गरेको छ। प्रदेश सभामा दर्ता भएको ९ महिना देखि साढे २ वर्षसम्ममा मात्रै नीतिहरु पारित भएर राजपत्रमा प्रकाशित भएका छन् ।

| क्र.सं. | नीति तथा कानुनको नाम | प्रदेश सभामा दर्ता | प्रदेश सभाबाट पारित | राजपत्रमा प्रकाशित | लागेको समय |
|---|---|---|---|---|---|
| १. | कर्णाली प्रदेशमा व्यापाररव्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेकोऐन २०७८ | २०७७।०२।२३ | २०७८।१०।२५ | २०७८।१२।०६ | १ वर्ष ९ महिना |
| २. | प्रदेश औद्योगिक व्यवसायका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ | २०७७।०२।२३ | २०७८।१०।२५ | २०७८।१२।०६ | १ वर्ष ९ महिना |
| ३. | कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ | २०७६ ।११।१४ | २०७८।१०।२४ | २०७८।१२।०६ | २ वर्ष १ महिना |
| ४. | सार्वजनिक र निजी क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन | २०७५।१२।१० | २०७७।०३।०८ | २०७७।०४।०८ | २ वर्ष ४ महिना |
| ५. | प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ | २०७६ ।१०।१९ | २०७७।०३।०८ | २०७७।०३।१८ | ९ महिना |
| ६. | कर्णाली प्रदेश सहकारी ऐन, २०७५ | २०७५।०३।१९ | २०७५।१२।२६ | २०७६ ।०२।१४ | ११ महिना |

स्रोतः pga.karnali.gov.np/moitfe.karnali.gov.np/




## ३.५ प्रदेश सभा र संसदीय समितिमा उद्योग व्यवसाय तथा नीजि क्षेत्रसँग सम्बन्धित विधेयकमाथिको प्राथमिकता

| क्र .सं. | नीति तथा कानुनको नाम | संसदीय समितिमा छलफल | समितिमा छलफलमा सहभागी सांसद (जम्मा हाजिरी) | सरोकार वालाहरुसाग छलफल |
|---|---|---|---|---|
| १. | कर्णाली प्रदेशमा व्यापार(व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ | २ पटक | १३ जना | भएको |
| २. | प्रदेश औद्योगिक व्यवसायका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ | ५ पटक | २८ जना | भएको |
| ३. | कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ | ९ पटक | ५४ जना | भएको |
| ४. | सार्वजनिक र निजी क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन | १२ पटक | ८२ जना | भएको |

स्रोत: कर्णाली प्रदेश सभा सचिवालय

कर्णाली प्रदेश सभाका विषयगत संसदीय समितिहरुमा विधेयकहरुमाथी छलफल गरिएकामध्ये सबैभन्दा धेरै सार्वजनिक नीजि साझेदारी ऐनमाथी भएको छ। संसदीय समितिका १२ वटा बैठकमा यस विधेयकमाथी छलफल भएको हो। सबैभन्दा कम २ पटकमै पास हुने विधेयक व्यवसाय दर्ता सञ्चालन सम्बन्धी रहेको छ।

## ३.६ व्यवसायिक वातावरणसँग सम्बन्धित नियमावलीहरू

| क्र. सं. | नियमावलीको नाम | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १. | कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी नियमावली | २०७८।०३।२४ |
| २. | कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली | २०७८।०७।११ |

## ३.७ उद्योग व्यवसायसँग सम्बन्धित प्रादेशिक सरकारी संरचनाहरू

| क्र. सं. | निकाय/संरचना | कैफियत |
|---|---|---|
| १. | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत | |

### उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत मातहतका संरचना/निकायहरू

प्रदेशमा उद्योगसम्बन्धी नीति नबन्दासम्म संघीय नीतिमा टेकेर काम भइरहेको छ ।बजार अनुगमन सम्बन्धी कानुन नबन्दा संघीय कानुनमा टेकेर काम गर्दा गाह्रो भएको छ। उद्योग दर्ता तथा नविकरणको काम प्रदेशका सबै जिल्लामा रहेका उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट काम भइरहेको छ। उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मातहत १० जिल्लामा कार्यालय छन्। निर्देशनालय प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमातहत रहेको छ। साविकका घरेलु तथा साना उद्योग कार्यालयहरु उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको रुपमा प्रदेश सरकारमातहत सञ्चालन भइरहेका छन्। उद्योग प्रशासनसम्बन्धी कार्यका लागि उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मातहत प्रदेशका सबै जिल्लामा कार्यालय (सुर्खेतमा निर्देशनालयले नै काम गरिरहेको) छन्। निर्देशनालय प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमातहत रहेको छ। संघीय कानुनमा रहेर वातावरणिय प्रभाव अध्ययन र प्रतिवेदन सम्बन्धित मन्त्रालयले मुल्यांकन गर्ने गरेको छ। प्रदेशमा वातावरणिय प्रभाव मुल्यांकनका लागि कुनै अन्य निकाय बनेको छैन। कम्पनी रजिष्ट्रार कार्यालयको शाखाप्रदेशमा हालसम्म स्थापना भएको छैन। प्रदेश सरकारलाई कम्पनी प्रशासनको पनि शक्ति दिइएपनि यस सम्बन्धि प्रदेशले केहि रणनीति अपनाएको छैन ।कर्मचारीको समस्या ठुलो रहेको छ। जसले गर्दा कार्यसम्पादनमा असर गरेको छ। उद्योग दर्ता तथा नवीकरणमा कर्मचारी अभावलेसेवाग्राहीहरुलाई सेवा लिन भिड गर्नुपर्ने अवस्था आएको छ।[11]

| क्र.सं. | निकायको नाम |
|---|---|
| १ | प्रदेश वन निर्देशनालय |
| २ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय |
| ३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| ४ | डिभिजन वन कार्यालय |
| ५ | डिभिजन वन कायार्यालय |
| ६ | डिभिजन वन कार्यालय |
| ७ | डिभिजन वन कार्यालय |
| ८ | डिभिजन वन कार्यालय |
| ९ | डिभिजन वन कार्यालय |
| १० | डिभिजन वन कार्यालय |
| ११ | डिभिजन वन कार्यालय |
| १२ | डिभिजन वन कार्यालय |
| १३ | डिभिजन वन कार्यालय |
| १४ | डिभिजन वन कार्यालय |
| १५ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| १६ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| १७ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| १८ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |

11 dfgb] hfzL, ;lrj, pBf]u, ko{6g, jg tyf jftfj/)f dGqfno s)f{nL k|b]z

| | |
|---|---|
| १९ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| २० | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| २१ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| २२ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| २३ | उद्योग तथ उपभोक्ता हित संरक्षण कार्यालय |
| २४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय |
| २५ | भू तथा जलाधार व्यवस्थापन कार्यालय शीर्ष प्रायोजक |

स्रोत: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश

## ३.८ व्यवसायिक वातावरणमा निजी क्षेत्रको भूमिका र दृष्टिकोण

नीजि क्षेत्र तथा उद्योग व्यवसायसँग सम्बन्धित विधेयकहरु लामो समय संसदमा रोकिएर पारित भए । कतिपय पारित हुन सकेका छैनन् । प्रदेश सरकारले उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित नीति तथा योजना बनाउने क्रममा सुर्खेत उद्योग वाणिज्य संघसँग सुझाव लिने गरेको छ । हामिले पनि विभिन्न् समयमा प्रदेश सरकारलाई सुझाव दिने गरेका छौं । नीतिनिर्माणका क्रममा जनप्रतिनिधि अनभिज्ञ छन् । कर्णालीमा उद्योगसम्बन्धी विज्ञ कम छन् । सुर्खेतमा औधोगिक क्षेत्र स्थापनाको लागि दवाव दिइरहेको देखिन्छ । सुर्खेत उद्योग वाणिज्य संघले उद्योग वाणिज्यसम्बन्धी विभिन्न् कुराहरुमा प्रदेश सरकारलाई दवाव सिर्जना गरिरहेको छ । उद्योग वाणिज्य महासंघले कृषि बजारिकरण मुल्य सुचनामा सहयोग गरेको छ ।उद्योग नियमनसम्बन्धी काममा पनि नियमन गर्ने निकायको सदस्यको रुपमा महासंघका प्रतिनिधिसमेत रहन्छन् । राजनीतिज्ञको उद्यमप्रति सकरात्मक चेतनाको कमी हुनाले कर्णालीमा व्यवसायिक वातावरणको लागि समस्या सिर्जना भएको यहाँको उद्योगी व्यवसायीहरुको भनाई रहेको छ ।समाजको परम्परागत सोच र आवश्यक सीपको कमीले पनि उद्यमशीलता प्रवर्द्धन हुन सकेको छैन । उद्यमशीलताको लागि सहज हुने कानुन अभाव रहेको छ । कानुन बनाउने निकायमा विज्ञको कमी हुनु पनि एउटा समस्या हो । प्रदेश तहमा सार्वजानीक निजि साझेदारी मोडेल लागु गर्ने निकाय गम्भिर नहुनु ले साझेदारी प्रभावकारी हुनसकेको छैन । कर्णालीमा कम्पनी रजिष्टारको कार्यालयको शाखा विस्तार नहुनुले व्यवसायीले सास्ती भोग्नुपरेको छ । कर्णालीमा विदेशी लगानीको पाटो आइपुगेको छैन । पुर्वाधार र नीतिगत तथा व्यवाहारिक समस्याका कारण ठुलाच परियोजना लागु नभएर झोलामा बोक्नुपर्ने अवस्था छ । [12]


12 eõ e)*f/L, dxf;lrj, ;vI{ pBf]u jfl)fHo ;#

अध्याय: ४

# वीरेन्द्रनगरमा व्यवसायिक वातावरण : एक अध्ययन

ऋति फाउण्डेसनले सुर्खेतको वीरेन्द्रनगरका ३० जना व्यवसायीहरुसँग व्यवसायिक वातावरणबारे कुरा गरेका छ। व्यवसाय दर्ता तथा सञ्चालनमा रहेका चुनौतीहरुबारे प्रश्नावली तयार गरि उनीहरुसँग कुराकानी गरिएको हो । जसमा २५ वटा सेवामुलक उद्योगहरू, ४ वटा उत्पादनमुलक उद्योगहरु र १ वटा सुचना प्रविधि उद्योगहरु रहेका थिए। अध्ययनमा समावेश भएका उद्योगहरु पछिल्लो पाँच वर्षभित्र दर्ता र सञ्चालनमा रहेका उद्योगहरु हुन् ।


## ४.१ व्यवसाय दर्ताका क्रममा तेस्रो पक्षको सहयोग




अध्ययनमा समावेश भएकाहरुमध्ये ६० प्रतिशतले व्यवसायलाई सरकारी निकायहरुमा दर्ता गर्ने क्रममा तेस्रो पक्षको सेवा नलिएको बताएका छन् । ४० प्रतिशत उत्तरदाताहरुले तेस्रो पक्षको सेवा लिएरमात्र व्यवसाय दर्ता गरेको बताए ।

## ४.२. व्यवसाय दर्ता र सञ्चालनमा लाग्ने समय

उत्तरदाताहरुले बताएअनुसार व्यवसाय सञ्चालन सुरु गर्नका लागि सबै कानूनी र सरकारी प्रक्रियाहरू पूरा गर्न अनुमानित समय औषतमा ४१ दिन रहेको छ। अर्थात कुनैपनि व्यवसाय सञ्चालनका लागि दर्तासम्बन्धी सम्पुर्ण सरकारी प्रक्रिया पूरा गर्न ४१ दिन लाग्ने उत्तरदाताहरुले बताए। दर्ता गर्दा कम्तिमा दुईवटा सरकारी निकायको स्विकृति आवश्यक रहेको उत्तरदाताहरुले बताए। अधिकांश ४ वटा सरकारी निकायमा दर्ता तथा अन्य प्रक्रियाका लागि स्विकृति लिनुपरेको बताएका थिए। ४.३ उद्योग स्थानीय तहमा दर्ता भएको/नभएको ।




### ४.३ उद्योग स्थानीय तहमा दर्ता भएको/ नभएको

उत्तरदाताहरुमध्ये ६७ प्रतिशत ले आफ्नो उद्योग व्यवसाय स्थानीय सरकारको कुनैपनि निकायमा दर्ता नभएको बताए। बाँकी ३३ प्रतिशत उत्तरदाताहरुले आफ्नो व्यवसायलाई स्थानीय तहको कुनै न कुनै निकायमा दर्ता गरेको बताए। सबै उत्तरदाताहरुले आफ्नो उद्यम स्थानीय तहमा दर्ता गर्न १ दिन मात्रै समय खर्च गर्नुपरेको बताए।

### ४.४ आर्थिक वर्षमा उद्योगले वार्षिक कर र वित्तिय विवरण बुझाउनुपर्ने सरकारी निकाय


आर्थिक वर्षमा उद्योगले वार्षिक कर र वित्तिय विवरण बुझाउनुपर्ने सरकारी निकाय औषतमा २ वटा रहेको उत्तरदाताहरुले बताएका छन्। ती सरकारी निकायहरुमा उनिहरुले आर्थिक विवरण र लेखापरिक्षणको विवरण बुझाउन औषतमा ८ दिन लाग्ने बताएका छन्।

### ४.५ राजश्व तिर्न लाग्ने समय

उत्तरदाताहरुले आफुले व्यवसाय गरेवापत् तिर्ने कर तिर्न वार्षिक रुपमा औषत ९ दिन खर्च गर्ने गरेको बताएका छन्।


### ४.६ करको भुक्तानी डिजिटल भएको/नभएको

उत्तरदाताहरुले आफुले कर तिर्दाखेरी १७ प्रतिशत ले मात्रै डिजिटल भुक्तानी गर्नेगरेको बताएका छन्। बाँकि ८३ प्रतिशतले करको भुक्तानी डिजिटल नगर्ने गरेको बताए।




## ४.७ डिजिटल भुक्तानीले लागत र समय घटाएको/नघटाएको

करको भुक्तानी डिजिटल गर्नेहरुमध्ये ८० प्रतिशत उत्तरदाताहरुले त्यसबाट आफ्नो समय र लागत घटेको बताएका छन् । बाँकि २० प्रतिशत ले भने करको डिजिटल भुक्तानीले समय र लागतको बचत नगरेको बताएका छन् ।





## ४.८ ऋण

१३ प्रतिशत उत्तरदाताहरुले गएको दुई आर्थिक वर्षमा ऋणको लागि आवेदन दिएको बताएका छन् । बाँकि ८७ प्रतिशत उत्तर दाताहरुले गएका दुई आर्थिक वर्षमा ऋणको लागि आवेदन नदिएको बताएका छन् ।




ऋण लिएकाहरुमध्ये सबैले वर्ग क, ख, ग निजी बैंक र वित्तीय संस्थाबाट ऋण लिएको बताएका छन् । उनिहरुले ऋणका लागि निवेदन दिन आवश्यक कागजात तयार गर्नका लागि औषतमा २८ दिन लाग्ने बताएका छन् ।


## ४.९ व्यवसायमा सबैभन्दा ठुलो चुनौती




उत्तरदाताहरुमध्ये सबैभन्दा ठुलो संख्याले कर र प्रशासन आफ्नो उद्योग व्यवसायमा सबैभन्दा ठुलो चुनौती भएको बताएका छन् । ६१ प्रतिशत उत्तरदाताहरुले कर र प्रशासन चुनौती भएको बताएका छन् । १४ प्रतिशत ले करका दरहरु चुनौती भएको बताएका छन् । त्यसैगरी व्यापार इजाजतपत्र र अनुमती प्राप्त गर्न ११ प्रतिशत, श्रम बजार र नियमहरु ११ प्रतिशत र भ्रष्टाचार ३ प्रतिशत ले व्यवसायका लागि चुनौती भएको बताएका छन् ।


## ४.१० करका दरहरू

५७प्रतिशत उत्तरदाताहरुले करका दरहरु व्यवसायका लागि धेरै नै बाधा रहेको बताएका छन् । त्यसैगरी ४३ प्रतिशत व्यवसायीहरुले करका दरहरु आफ्नो व्यवसायको लागि मध्यम बाधाको रुपमा रहेको बताएका छन् ।




## ४.११ कर कानूनको जटिलता

करसम्बन्धी कानुनहरुको जटिलता ५० प्रतिशत उत्तरदताहरुले धेरै बाधा रहेको बताएका छन् । ४० प्रतिशत उत्तरदाताहरुले मध्यम बाधा, ३ प्रतिशत उत्तरदाताहरुले गम्भिर बाधा, ३ प्रतिशत व्यवसायीहरुले सामान्य बाधा र ४ प्रतिशत उत्तरदाताहरुले बाधा नभएको बताए ।





## ४.१२ व्यापार इजाजतपत्र र अनुमतिहरू





व्यवसाय गर्ने सन्दर्भमा व्यापार इजाजत र अनुमतिपत्र लिनका लागि ७ प्रतिशत उत्तरदाताहरुले गम्भिर बाधा भएको बताएका छन् भने ३ प्रतिशत व्यवसायीहरुले बाधा नभएको बताए । ५३ प्रतिशत उत्तरदाताहरुले मध्यम बाधा भएको, १७ प्रतिशत उत्तर दाताहरुले धेरै बाधा र २० प्रतिशत उत्तरदाताहरुले सामान्य बाधा भएको बताएका छन् ।

## ४.१३ भ्रष्टाचार




३ प्रतिशत उत्तरदाताहरुले भ्रष्टाचारका कारण व्यवसायीक वातावरणमा गम्भिर बाधा भएको बताए। ३ प्रतिशत उत्तरदाताहरुले धेरै बाधा भएको बताए। २७ प्रतिशत उत्तरदाताहरुले मध्यम र ६४ प्रतिशत उत्तरदाताहरुले सामान्य बाधा भएको बताए। ३ प्रतिशत उत्तरदाताहरुले भ्रष्टाचारले व्यवसायीक वातावरणमा बाधा नगरेको बताए।

## ४.१४ सिपयुक्त जनशक्तिको अभाव




सिपयुक्त जनशक्तिको अभावका कारण व्यवसायीक वातावरण र व्यवसाय सञ्चालनमा १० प्रतिशत उत्तरदाताहरुले गम्भिर बाधा सिर्जना गरेको बताए। ७० प्रतिशत उत्तरदाताहरुले धेरै बाधा र २० प्रतिशत उत्तरदाताहरुले मध्यम बाधा गरेको बताए।

अध्याय: ५

# निष्कर्ष एवं सुझावहरू

## ५.१ निष्कर्ष:

- प्रदेशमा उद्योगसम्बन्धी नीति नबन्दासम्म संघीय नीतिमा टेकेर काम भइरहेको छ। बजार अनुगमन सम्बन्धी कानुन नबन्दा संघीय कानुनमा टेकेर काम गर्दा गाह्रो भएको छ। उद्योग दर्ता तथा नविकरणको काम प्रदेशका सबै जिल्लामा रहेका उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट काम भइरहेको छ।
- उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मातहत १० जिल्लामा कार्यालय छन्। निर्देशनालय प्रदेश सरकार को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमातहत रहेको छ। साविकका घरेलु तथा साना उद्योग कार्यालयहरु उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको रुपमा प्रदेश सरकारमातहत सञ्चालन भइरहेका छन्।
- संघीय कानुनमा रहेर वातावरणिय प्रभाव अध्ययन र प्रतिवेदन सम्बन्धित मन्त्रालयले मुल्यांकन गर्ने गरेको छ। प्रदेशमा वातावरणिय प्रभाव मुल्यांकनका लागि कुनै अन्य निकाय बनेको छैन।
- कम्पनी रजिष्ट्रार कार्यालयको शाखा प्रदेशमा हालसम्म स्थापना भएको छैन। प्रदेश सरकारलाई कम्पनी प्रशासनको पनि शक्ति दिइएपनि यस सम्बन्धि प्रदेशले केहि रणनीति अपनाएको छैन। कर्मचारीको समस्या ठुलो रहेको छ। जसले गर्दा कार्यसम्पादनमा असर गरेको छ। उद्योग दर्ता तथा नवीकरणमा कर्मचारी अभावले सेवाग्राहीहरुलाई सेवा लिन भड गर्नुपर्ने अवस्था आएको छ।
- नीजि क्षेत्र तथा उद्योग व्यवसायसँग सम्बन्धित विधेयकहरु लामो समय संसदमा रोकिएर पारित भए। कतिपय पारित हुन सकेका छैनन्। प्रदेश सरकारले उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित नीति तथा योजना बनाउने क्रममा सुर्खेत उद्योग वाणिज्य संघसँग सुझाब लिने गरेको छ।
- राजनीतिज्ञको उद्यमप्रति सकरात्मक चेतनाको कमी हुनाले कर्णालीमा व्यवसायिक वातावरणको लागि समस्या सिर्जना भएको छ।हाम्रो समाजको परम्परागत सोच र आवश्यक सीपको कमीले पनि उद्यमशीलता प्रवर्द्धन हुन सकेको छैन। उद्यमशीलताको लागि सहज हुने कानुन अभाव रहेको छ। कानुन बनाउने निकायमा विज्ञको कमी हुनु पनि एउटा समस्या हो।
- कर्णालीमा कम्पनी रजिष्टारको कार्यालयको शाखा विस्तार नहुनुले व्यवसायीले सास्ती भोग्नुपरेको छ। कर्णालीमा विदेशी लगानीको पाटो आइपुगेको छैन। पुर्वाधार र नीतिगत तथा व्यवाहारिक समस्याका कारण ठुलाच परियोजना लागु नभएर झोलामा बोक्नुपर्ने अवस्था छ।
- व्यवसाय सञ्चालन सुरु गर्नका लागि सबै कानूनी र सरकारी प्रक्रियाहरू पूरा गर्न अनुमानित समय औषतमा ४१ दिन रहेको छ। अर्थात कुनैपनि व्यवसाय सञ्चालनका लागि दर्तासम्बन्धी सम्पुर्ण सरकारी प्रक्रिया पूरा गर्न ४१ दिन लाग्ने उत्तरदाताहरुले बताए।दर्ता गर्दा कम्तिमा दुईवटा सरकारी निकायको स्विकृति आवश्यक रहेको उत्तरदाताहरुले बताए। अधिकांश ४ वटा सरकारी निकायमा दर्ता तथा अन्य प्रक्रियाका लागि स्विकृति लिनुपरेको बताएका थिए।

- ६७ प्रतिशत ले आफ्नो उद्योग व्यवसाय स्थानीय सरकारको कुनैपनि निकायमा दर्ता नभएको बताए । बाँकी ३३प्रतिशत उत्तरदाताहरुले आफ्नो व्यवसायलाई स्थानीय तहको कुनै न कुनै निकायमा दर्ता गरेको बताए । सबै उत्तरदाताहरुले आफ्नोफ उद्यम स्थानीय तहमा दर्ता गर्न १ दिन मात्रै समय खर्च गर्नुपरेको बताए ।

- आर्थिक वर्षमा उद्योगले वार्षिक कर र वित्तिय विवरण बुझाउनुपर्ने सरकारी निकाय औषतमा २ वटा रहेको छ । ती सरकारी निकायहरुमा उनिहरुले आर्थिक विवरण र लेखापरिक्षणको विवरण बुझाउन औषतमा ८ दिन लाग्ने बताएका छन् ।

- आफुले व्यवसाय गरेवापत् तिर्ने कर तिर्न वार्षिक रुपमा औषत ९ दिन खर्च गर्नेगरेको बताएका छन् ।आफुले कर तिर्दाखेरी १७ प्रतिशत ले मात्रै डिजिटल भुक्तानी गर्नेगरेको बताएका छन् । बाँकि ८३प्रतिशत ले करको भुक्तानी डिजिटल नगर्ने गरेको उत्तरदाताहरुले बताए ।

- करको भुक्तानी डिजिटल गर्नेहरुमध्ये ८० प्रतिशत उत्तरदाताहरुले त्यसबाट आफ्नो समय र लागत घटेको बताएका छन् । बाँकि २० प्रतिशत ले भने करको डिजिटल भुक्तानीले समय र लागतको बचत नगरेको बताएका छन् ।

- १३ प्रतिशत उत्तरदाताहरुले गएको दुई आर्थिक वर्षमा ऋणको लागि आवेदन दिएको बताएका छन् । बाँकि ८७ प्रतिशत उत्तरदाताहरुले गएका दुई आर्थिक वर्षमा ऋणको लागि आवेदन नदिएको बताएका छन् ।

- ऋण लिएकाहरुमध्ये सबैले वर्ग क, ख, ग निजी बैंक र वित्तीय संस्थाबाट ऋण लिएको बताएका छन् । उनिहरुले ऋणका लागि निवेदन दिन आवश्यक कागजात तयार गर्नका लागि औषतमा २८ दिन लाग्ने बताएका छन् ।

- सबैभन्दा ठुलो संख्याले कर र प्रशासन आफ्नो उद्योग व्यवसायमा सबैभन्दा ठुलो चुनौती भएको बताएका छन् । ६१प्रतिशत उत्तरदाताहरुले कर र प्रशासन चुनौती भएको बताएका छन् । १४ प्रतिशत ले करका दरहरु चुनौती भएको बताएका छन् । त्यसैगरी व्यापार इजाजतपत्र र अनुमती प्राप्त गर्न ११प्रतिशत, श्रम बजार र नियमहरु ११ प्रतिशत र भ्रष्टाचार ३प्रतिशत ले व्यवसायका लागि चुनौती भएको बताएका छन् ।

- ५७ प्रतिशत उत्तरदाताहरुले करका दरहरु व्यवसायका लागि धेरै नै बाधा रहेको बताएका छन् । त्यसैगरी ४३ प्रतिशत व्यवसायीहरुले करका दरहरु आफ्नो व्यवसायको लागि मध्यम बाधाको रुपमा रहेको बताएका छन् ।

- करसम्बन्धी कानुनहरुको जटिलता ५०प्रतिशत उत्तरदताहरुले धेरै बाधा रहेको बताएका छन् । ४० प्रतिशत उत्तर दाताहरुले मध्यम बाधा, ३प्रतिशत उत्तरदाताहरुले गम्भिर बाधा, ३प्रतिशत व्यवसायीहरुले सामान्य बाधा र ४ प्रतिशत उतेतरदाताहरुले बाधा नभएको बताए ।

- व्यवसाय गर्ने सन्दर्भमा व्यापार इजाजत र अनुमतीपत्रहरु लिनका लागि ७प्रतिशत उत्तरदाताहरुले गम्भिर बाधा भएको बताएका छन् । भने ३ प्रतिशत व्यवसायीहरुले बाधा नभएको बताए । ५३ प्रतिशत उत्तरदाताहरुले मध्यम बाधा भएको, १७ प्रतिशत उत्तरदाताहरुले धेरै बाधा र २० प्रतिशत उत्तरदाताहरुले सामान्य बाधा भएको बताएका छन् ।

- ३ प्रतिशत उत्तरदाताहरुले भ्रष्टाचारका कारण व्यवसायीक वातावरणमा गम्भिर बाधा भएको बताए । ३प्रतिशत उत्तर दाताहरुले धेरै बाधा भएको बताए । २७ प्रतिशत उत्तरदाताहरुले मध्यम र ६४ प्रतिशत उत्तरदाताहरुले सामान्य बाधा भएको बताए । ३ प्रतिशत उत्तरदाताहरुले भ्रष्टाचारले व्यवसायीक वातावरणमा बाधा नगरेको बताए ।

- सिपयुक्त जनशक्तिको अभावका कारण व्यवसायीक वातावरण र व्यवसाय सञ्चालनमा १० प्रतिशत उत्तरदाताहरुले गम्भिर बाधा सिर्जना गरेको बताए । ७० प्रतिशत उत्तरदाताहरुले धेरै बाधा र २० प्रतिशत उत्तरदाताहरुले मध्यम बाधा गरेको बताए ।

## ५.२ सुझावहरू:

- उद्योग तथा व्यवसाय र नीजि क्षेत्रसँग सम्बन्धित विधेयकहरु लामो समय संसदमा रोकिएकोले प्रदेश सरकारले प्राथमिकता दिन जरुरी छ ।
- उद्योग व्यवसायका लागि सिपयुक्त जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा देखिन आएकोले यसलाइ समाधान गर्न उपयुक्त र ठोस नीति बनाउन जरुरी देखिन्छ ।
- कर तिर्ने प्रशासनको कारणले गर्दा व्यवसायीहरुले चुनौती सामना गर्नपर्ने देखिएकोले यसको समाधानका लागि सहज कर तिर्ने प्रणाली ल्याउन जरुरी देखिन्छ ।
- सार्वजनिक सेवाप्रवाहलाई सकेसम्म धेरै डिजिटल र अनलाइन बनाएमा सेवाग्राहीको लागत र समयको बचत हुने देखिन्छ ।
- व्यवसाय दर्ता गर्नका लागि लामो प्रक्रिया पुरा गर्नपर्ने र धेरै दिन लाग्ने प्रणालीलाई सेवाप्रवाह छिटोछरितो बनाउन जरुरी देखिन्छ । व्यवसाय सुरु गर्न र सञ्चालन गर्नका लागि नियमहरू र प्रक्रियाहरूलाई सरल र सरल बनाउनुपर्ने देखिन्छ ।
- नीतिनिर्माणका क्रममा कर्णाली प्रदेश सरकारले सरोकारवाला र नीजि क्षेत्रलाइ सहभागी गराइ राय लिन आवश्यक देखिन्छ ।
- प्रदेश सरकारले प्रदेशमा आवश्यक उद्योगसम्बन्धी नीतिहरु प्राथामिकताका साथ निर्माण गर्न आवश्यक देखिन्छ ।
- उद्योग व्यवसायसँग सम्बन्धित सेवा प्रवाह गर्ने निकायमा कर्मचारी अभावको समस्यालाई प्रदेश सरकारले यथासिघ्र समाधान गर्न आवश्यक छ ।
- श्रमशक्तिको गुणस्तर सुधार गर्न र प्रदेशमा नयाँ व्यवसायहरू आकर्षित गर्न पूर्वाधार र शिक्षामा लगानी गर्न आवश्यक छ ।
- नयाँ उद्यमीहरूलाई सहयोग, स्रोत र सल्लाह प्रदान गर्नका लागि प्रदेश सरकारले काम गर्नपर्ने देखिन्छ ।
- उद्यमीहरूलाई व्यवसाय सुरु गर्न र बढाउन आवश्यक सीपहरू विकास गर्न मद्दत गर्न प्रशिक्षण र स्रोतहरू प्रदान गर्नका लागि प्रदेश सरकारले काम गर्नपर्ने देखिन्छ ।
- व्यवसायहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न सरकार, निजी क्षेत्र र नागरिक समाज बीचको सहकार्यलाई वृद्धी गर्नपर्ने देखिन्छ ।
- नयाँ प्रविधि, अनुसन्धान र विकास, वा प्रशिक्षण कार्यक्रमहरूमा लगानी गर्ने व्यवसायहरूलाई कर प्रोत्साहन र अन्य वित्तीय लाभहरू प्रदान गर्न जरुरी देखिन्छ ।
- हालको परिवेशमा व्यवसायिक वातावरणमा नकरात्मक असर गर्ने नीतिहरुलाई शंसोधन गर्न आवश्यक छ ।

# अनुसूची

## अनुसूची १

कर्णाली प्रदेश सरकारको उद्योग व्यवसायसँग सम्बन्धित निर्णयहरु (मन्त्रिपरिषद्को बैठकको आधारमा)

| क्र.सं. | मन्त्रिपरिषद्को निर्णय | निर्णय गरिएको मिति |
|---|---|---|
| १ | प्रदेश उद्योग विधेयकको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमती प्रदानगर्ने । | २०७५ जेठ ४ गते |
| २ | कर्णाली प्रदेशमा निजि क्षेत्रबाट लगानी हुने आयोजना आयोजनारयोजना र उद्योगमा राज्यबाट संकलन हुने कर र राजश्वमा १० वर्षसम्म छुट मिलाइदिन नेपाल सरकार अर्थ मन्त्रालयलाइ अनरोध गर्ने । | २०७५ साउन १० गते |
| ३ | कर्णाली प्रदेश सार्वजनिक नीजि साझेदारी सम्बन्धी विधेयक २०७५ स्वीकृत गर्ने । | २०७५ फागुन २७ गते |
| ४ | प्राइभेट फर्म नविरणसम्बन्धी निर्देशिका २०७५ स्वीकृत गर्ने । | २०७५ फागुन २७ गते |
| ५ | कर्णाली प्रदेश वाणिज्य सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्विकृति प्रदान गर्ने । | २०७६ पुस २८ गते |
| ६ | आर्थिक वर्ष २०७६र०७७ को लघुउद्यम, पर्यटन, कच्चापदार्थमा आधारित उद्योगहरुलाई अनुदान तथा सहयोगसम्बन्धी कार्यविधि स्वीकृत गर्ने । | २०७६ फागुन २३ गते |
| ७ | प्रदेश औधोगिक व्यवसायसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्विकृति प्रदान गर्ने । | २०७७ जेठ १२ |
| ८ | उद्योग संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फिर्ता लिने अनुमतिका लागि कर्णाली प्रदेश सभामा पेश गर्न स्विकृति दिने । | २०७७ कार्तिक ८ |
| ९ | दस्तुर र जरिवाना प्रचलित कानुनबमोजिम हुनेगरी प्राइभेट फर्मको नविकरण समयअवधि २०७७ साल पौस मसान्तसम्म थप गर्ने । | २०७७ कार्तिक ८ |
| १० | साविक घरेलु सिल्पकला भण्डार सुर्खेतको पुरानो घर भत्काइ सामाग्री लिलाम गर्ने । | २०७७ कार्तिक ८ |
| ११ | २०७५।०७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरेका प्राइभेट फर्महरुले २०७८ पुस मसान्तभित्र विवरण र जरिवाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकि जरिवाना तथा शुल्क मिनाहा गर्ने । | २०७८ कार्तिक ७ |

श्रोत: https://ocmcm.karnali.gov.np

## अनुसूची २

बजेट वक्तव्य २०७४/०७५ मा व्यवसायिक वातावरण

| क्र. सं. | बुँदा नं. | विवरण |
|---|---|---|
| १ | ११२ | प्रदेशलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्न रणनीति तयार गर्ने |
| २ | ११३ | स्थानीय सीप, स्रोत, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने नीति तयार गरी लागू गर्ने । |
| ३ | ११४ | स्वदेशी तथा वैदेशिक लगानी उद्योगहरु स्थापना गर्न, लगानीको उपयुक्त वातावरण तयार गर्न, उद्योग व्यवसाय सञ्चालनमा एकद्वार नीति अवलम्बन गरी कर्णालीमा लगानीमैत्री वातावरण तयार गर्न उद्योग व्यवसाय सञ्चालन सम्बन्धी मार्गदर्शन तथा संहिता तयार गरी लागू गर्ने । |
| ४ | ११५ | सुर्खेतको साटाखानीमा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र सल्यान, जुम्ला लगायत जिल्लामा औद्योगिक क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने । |

श्रोत:बजेट वक्तव्य,आर्थिक वर्ष २०७४/७५, कर्णाली प्रदेश सरकार

## अनुसूची ३

वजेट वक्तव्य २०७५/०७६ मा व्यवसायिक वातावरण

| क्र. सं. | बुँदा नं. | विवरण |
|---|---|---|
| १ | १२३ | प्रादेशिक औद्योगिक श्रम सम्बन्ध नीति निर्माण गर्ने |
| २ | १५५ | १०० जना भूमिहीन परिवारलाई जमिन भाडामा लिई समूहमा आधारित व्यवसायिक खेती गर्न एक पाइलट परियोजना सञ्चालन गरिने छ । |
| ३ | १५९ | सहकारी मार्फत एक जिल्ला एक कृषिजन्य उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्न रु. १० करोड विनियोजन । |
| ४ | १७३ | सुर्खेतको चौकुने सिमेन्ट तथा सल्यानको जेरी सिमेन्ट उद्योगका विद्यमान समस्याको उचित समाधान खोजी स्थानीय रोजगारीसँग आवद्ध गरी उद्योग सुचार गर्ने व्यवस्था मिलाउने । |
| ५ | १७६ | साना, मला तथा ठूला उद्योगहरूको स्थापना र विकास गरी नागरिकको समग्र जीवन पद्दतिलाई आर्थिक रूपबाट रुपान्तरण गर्दै प्रदेशलाई समृद्ध गरिने । |
| ६ | १७७ | सुर्खेतको साटाखानीमा विशेष आर्थिक क्षेत्र स्थापना र विभिन्न् जिल्लाहरूमा साना तथा मझौला उद्योगग्राम स्थापना तथा उद्योग विकासका सहयोगी पूर्वाधार कार्यक्रम सञ्चालन गर्न रु. २२ करोड विनियोजन । |
| ७ | १७८ | दलित लक्षित उद्योग विकास कार्यक्रमका लागि रु. ६ करोड विनियोजन । |

श्रोतः वजेट वक्तव्य,आर्थिक वर्ष २०७५/७६, कर्णाली प्रदेश सरकार

## अनुसूची ४

आर्थिक वर्ष २०७६/०७७ मा व्यवसायिक वातावरण

| क्र. सं. | बुँदा नं. | विवरण |
|---|---|---|
| १ | १२० | सुर्खेतमा कृषि प्रदर्शनी स्पस, सल्यानमा कृषि औद्योगिक क्षेत्रस्थापना गर्न आवश्यक बजेटको व्यवस्था । |
| २ | १३४ | कृषि सहकारी, कृषक समूहनिजी क्षेत्र समेतको साझेदारीमा अर्गानिक कृषिजन्य बालीवस्तुकोउत्पादन, विविधीकरण, प्रशोधन, लेवलिङ्ग, प्याकेजिङ्ग ब्रान्डिङ्ग लगायत बजारीकरणका कार्यक्रमहरुका लागि बजेट विनियोजन गरिएको । |
| ३ | १४० | वि. सं. २०७६ देखि २०८५ लाई लगानी दशक घोषणा गरी उद्योग बाणिज्य तथा आपूर्तिउत्पादनमूलक, रोजगारमूलक र निर्यातमूलक उद्योगमा लगानी अभिवृद्धि गर्ने व्यवस्था मिलाइएको । |
| ४ | १४९ | उद्योग तथाव्यवसाय दर्ता, स्थायी लेखा नम्बरमा सहजीकरण र सहुलियतपूर्ण ऋण प्रदान गर्न आवश्यक बजेटकोव्यवस्था गरिएको । |
| ५ | १४२ | स्थानीय तहमा विशेष उत्पादनको लागि उद्योग ग्राम स्थापना गरी परम्परागत प्रविधि, स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग प्रवर्द्धन, स्थानीय उत्पादनको उचित मूल्य र बजार पहुँच सुनिश्चित गर्न पूर्वाधार निर्माण सहुलियतपूर्ण ऋणका लागि रु. ६ करोड बजेट विनियोजन । |
| ६ | १४३ | कपास र अन्सो लगायत वनपैदावर तथा पशुजन्य कच्चा पदार्थमा आधारित स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नका लागि सम्भाव्यता अध्ययन, उद्योग स्थापनाका लागि पूर्वाधार निर्माण गर्न रु. ५ करोड बजेटको व्यवस्था । |
| ७ | १४७ | अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको लघु, मझौला र ठूला उद्योगको विकासका लागि आवश्यक बजेटको व्यवस्था । |

| | | |
|---|---|---|
| ८ | १४८ | लघुउद्यम मार्फत लक्षित वर्गलाई रोजगारी सिर्जना कार्यक्रमका लागि सीप विकास मार्फत उद्यमशीलता र उपकरण सहयोग गर्न रु. १६ करोड विनियोजन । |
| ९ | १४९ | ठुलातथा मझौला उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार विकास गर्ने, छाना उद्योग, फलफूल प्रशोधन उद्योगको सम्भाव्यता अध्ययन र पूर्वाधार निर्माण गर्न र पार्टिकल बोर्ड उद्योग स्थापना गर्न आवश्यक बजेटको व्यवस्था । |
| १० | १७१ | निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडीबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरणका लागि आवश्यक वजेटको व्यवस्था । |

श्रोत: वजेट वक्तव्य,आर्थिक वर्ष २०७६/०७७, कर्णाली प्रदेश सरकार

## अनुसूची ५

आर्थिक वर्ष २०७७/७८ मा व्यवसायिक वातावरण

| क्र. सं. | बुँदा नं. | विवरण |
|---|---|---|
| १ | ५० | कृषि तथा उद्यममा मौलिक सीप र नवीन प्रविधिको प्रयोग गर्दै स्वरोजगारी सिर्जना गर्न सहुलियतपूर्ण कर्जा र ध्याज अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन । |
| २ | ५१ | निजी, सहकारी, गैरसरकारी क्षेत्र, विकास साझेदार र समुदायस्तरबाट संचालन हुने रोजगारमूलक कार्यक्रमलाई सहजीकरण । |
| ३ | ५२ | कृषकलाई व्याज अनुदान र सहुलियत कर्जा, कृषि सामग्री, विजरबेन कृषि बिमा र न्यूनतम समर्थन मुल्यको व्यवस्था ।सहकारी, सामुदायिक र निजी फार्मलाई प्रोत्साहन । |
| ४ | ७८ | घरेलु र साना उद्यमलाई उचित सहयोग गर्ने । मझौला र ठूला उद्योगको स्थापनालाई आकर्षितगर्दै त्यस्ता उद्योगलाई आवश्यक पर्ने पहुँच मार्ग र विद्युत सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधारविकास गर्ने । |
| ५ | ७९ | स्थानीय तहको प्राथमिकता र आवश्यकताको आधारमा लागत साझेदारी गरी उद्योग ग्राम स्थापना गर्न रु. ७ करोड ५० लाख विनियोजन । प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि पहल गरिने । |
| ६ | ८१ | उद्योग क्षेत्रको प्रवर्द्धन र उद्यमशिलता विकासगर्न घरेलु तथा साना उद्योगको विकासका लागि सीप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्न रु. ५ करोड विनियोजन । |
| ७ | ८३ | लक्षित समूहलाई आवश्यक मेशिन उपकरण र भौतिक पूर्वाधार विकास सहायताको माध्यमबाट लघुउद्यम विकास गरी स्वरोजगारका अवसर वृद्धि । प्रदेश भित्रका सम्भावित स्थानमा कपासखेती एवम् ऊन उत्पादन र प्रशोधन कार्यलाई प्रोत्साहन । |
| ८ | ८५ | प्रदेशभित्र उत्पादन तथा बिक्री वितरण हुने प्रमुख पहिचानजन्य उत्पादनको बजारीकरणका लागि कर्णाली ब्राण्डको प्रवर्द्धन । |
| ९ | १०५ | पूर्वाधार लगायत प्रदेश प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गरिनेछ निजी क्षेत्रको आर्थिक गतिविधिलाई आवश्यक पर्ने लगानीको वातावरण, सुरक्षा र पूर्वाधार विकासमा प्राथमिकता दिइने । |
| १० | १०६ | सहकारीको माध्यमबाट कृषि, लघुउद्यम प्रविधिको विकास र वचत प्रोत्साहन गरी पूँजी परिचालन गरिनेछ । |
| ११ | १०७ | एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ । सहकारीको माध्यमबाट उत्पादन, संकलन,भण्डारण र वितरणलाई प्रोत्साहन गरिनेछ । |

श्रोत: वजेट वक्तव्य,आर्थिक वर्ष २०७७/७८, कर्णाली प्रदेश सरकार

# अनुसूची ६

आर्थिक वर्ष २०७८/७९ मा व्यवसायिक वातावरण

| क्र. सं. | बुँदा नं. | विवरण |
|---|---|---|
| १ | ९४ | सहुलियतपूर्ण कर्जामार्फत सहकार्य समूह तथा सहकारी संघसंस्थामाआवद्ध परिवारहरुलाई कृषि, पशुपालन, साना उद्यम तथा व्यवसाय गर्न व्याज अनुदान प्रदान गर्नरु १ अर्ब रकम विनियोजन । |
| २ | ९५ | निजीक्षेत्र, सहकारी, गैरसरकारी क्षेत्र, विकास साझेदार रसमुदायस्तरबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रमलाई सहजीकरणतथा मूलप्रवाहीकरण । |
| ३ | ९८ | औपचारिक क्षेत्रमा दुध बिक्री गर्ने कृषकहरुलाई प्रति लिटर अनुदानको व्यवस्था । |
| ४ | १०३ | कृषिमा आधारित उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्न कृषि उद्योगले चाहेको क्षेत्रमा समन्वयात्मक रूपमा कच्चा पदार्थ उत्पादन, प्राविधिक सेवा, भण्डारणका लागि कोल्ड स्टोर, रष्टिक स्टोर र आवश्यक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्न रु.११ करोड ३५ लाख रकम विनियो जन । |
| ५ | १०४ | सरकारी तथा निजी क्षेत्रको साझेदारीमा नमूना कृषि उद्योगहरुको स्थापना गरिनेछ यसका लागि रु २ करोड १० लाख रकम विनियोजन । |
| ६ | १०५ | भूमिहिनहरूले करार खेती गर्न चाहेमा जग्गाको भाडा सरकारले तिर्ने गरी व्यवस्था गरिनेछ यसका लागि रु ३ करोड ९५ लाख रकम विनियोजन । |
| ७ | १०६ | कृषि उद्योगहरुलाई विद्युत महसुलमा ५० प्रतिशत अनुदान सहुलियतको लागि आवश्यक बजेट विनियोजन । |
| ८ | १०८ | कृषक, सहकारी तथा निजी क्षेत्रले मापदण्ड पुरा गरी कोल्ड स्टोर सञ्चालन गरेमा मूल्याङ्कन गरी ५ लाख रकमसम्म अनुदान उपलब्ध गराउनका लागि आवश्यक बजेट विनियोजन । |
| ९ | ११२ | सहकार्य समूह, सहकारी तथा कम्पनी मार्फत प्रदेशभित्र हुने सबै किसिमका उत्पादनलाई मूल्य अभिवृद्धि गर्दै बजारीकरण गर्नका लागि ग्रेडिङ्ग तथा आकर्षक प्याकेजिङ्ग सहितको गुणस्तर सुनिश्चित गरी कर्णाली ब्राण्डमार्फत उत्पादनलाई देशभित्रका सहरी बजार तथा अन्तर्राष्ट्रिय बजारमा पुर्याउन आवश्यक लगानीको मूल्य अभिवृद्धि सागतको ५० प्रतिशत प्रदेश सकारले अनुदान दिने व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्था । |
| १० | ११६ | कृषि मिटर प्राप्त नगरेका तर व्यावसायिक खेती गर्ने कृषक र माछा पालक कृषकहरुलाई विद्युत प्रयोग गरी सिंचाई गर्दा विद्युत महसुलमा ५० प्रतिशत अनुदान दिने व्यवस्था । |
| ११ | १२१ | मुख्यमन्त्री कृषक सम्मान कार्यक्रम मार्फत प्रदेशभरमा सर्वोत्कृष्ट एकजना कृषकलाई सुनको हलो अंकित तक्मा र उत्कृष्ट २०० जना कृषकलाई पुरष्कृत गर्न रु ४० लाख रकम विनियोजन । |
| १२ | १२३ | कम्तीमा २ रोपनी क्षेत्रफलमा २ सिजन ताजा तरकारी खेती गर्ने महिला कृषक उद्यमीलाई प्रति रोपनी रु ५ हजारका दरले प्रोत्साहन अनुदान दिने व्यवस्था । |
| १३ | १२४ | घुम्ती गोठ सञ्चालन गर्ने हिमाली क्षेत्रका ५० भन्दा बढी भेडा च्याङ्ग्रा पाल्ने कृषकहरुलाई भेडाच्याङ्ग्राको औषधि उपचारको लागि प्रति कृषक वार्षिक रु १२ हजार रकम दिइने । |
| १४ | १२५ | सस्तो व्याजदरमा पूँजी उपलब्ध गराउन सहकारी तथा बैंकहरु मार्फत व्याज अनुदान कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न रु. ९ करोड रकम विनियोजन । |
| १५ | १३३ | प्रादेशिक औद्योगिक क्षेत्र र एक जिल्ला एक उद्योग ग्राम स्थापना कार्यक्रमलाई निरन्तरता । विस्तृत आयोजना प्रतिवेदन तयार भएका उद्योग ग्रामहरुमा पूर्वाधार निर्माण गरिने । अध्ययन नभएका अन्य स्थानमा त्यस्ता उद्योग ग्राम स्थापनाका लागि उपलब्ध स्थानीय कच्चा पदार्थको लागत, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र जग्गा प्राप्तिको कार्य अगाडि बढाइनेछ । |

| | | |
|---|---|---|
| १६ | १३४ | कोभिड(१९ महामारीबाट शिथिल बनेको आर्थिक गतिविधिलाई गति प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुलाई उत्पादनमा आधारित अनुदान, सहुलियतपूर्ण ऋण तथा व्याजमा अनुदान र मभ्फौला तथा ठुला उद्योगलाई पूर्वाधार तथा उपकरण सहयोगका लागि शेयर लगानी गरी प्रवर्द्धन गरिनेछ। |
| १७ | १३५ | स्थानीय कच्चा पदार्थमा आधारित नवप्रवर्तन एवं सिर्जनशील उद्यमशीलतालाई प्रोत्साहन गर्न बिउ पूँजी९क्भभम :यलभथ० सहयोग कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन। |
| १८ | १३६ | प्रदेशभित्र उत्पादित वस्तु तथा सेवाको बजारीकरण, निर्यात र उपयोगमा विशेष प्राथमिकता दिइनेछ। यसका लागि कर्णाली सौगात गृह सञ्चालन, ब्राण्डिङ्ग र कर्णाली उत्पादन प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ। |
| १९ | १३८ | जडिवुटी उद्योग स्थापना र प्रवर्द्धनका लागि पूँजी र प्रविधि भित्र्याउँदै जडीबुटीको आन्तरिक बजार व्यवस्थापन र बाह्य बजारको खोजी गर्दै मेक इन कर्णाली कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ। |
| २० | १३९ | निजी क्षेत्रसँगको साभ्फेदारीमा प्रदेशभित्र रहेका बहुमूल्य जडिवुटीहरुको प्रशोधन गरी निर्यात गर्नको लागि सुर्खेत जिल्लाको ि छन्चुमा कर्णाली जडिबुटी प्रशोधन उद्योग स्थापना गर्न उपयुक्त स्थान छनौट, जग्गा प्राप्ति र अन्य कानूनी प्रकृयाको कार्य सम्पन्न् गरिनेछ। यसका लागि रु ५ करोड बजेट विनियोजन। |
| २१ | १४० | कर्णालीको जडिबुटी, रत्न पत्थर तथा रेशादार कच्चा पदार्थ र स्थानीय कच्चा पदार्थहरुको विकास तथा प्रवर्द्धनका उद्योग स्थापना गर्न चाहने उद्यमी वा सहकारीहरुलाई उनीहरुको व्यावसायिक योजनाका आधारमा पूर्वाधार विकासका साथै उपकरण सहायता, विद्युत महसुल अनुदान वा व्याज अनुदान उपलब्ध गराइनेछ। |

श्रोतः वजेट वक्तव्य,आर्थिक वर्ष २०७८/७९, कर्णाली प्रदेश सरकार

## अनुसूची ७

आर्थिक वर्ष २०७९/८० मा व्यवसायिक वातावरण

| क्र. सं. | बुँदा नं. | विवरण |
|---|---|---|
| १ | ११५ | आधुनिक कृषि कार्यमा प्रयोग हुने यन्त्र, उपकरणसँग सम्बन्धित उद्योगखोली यन्त्र, उपकरण उत्पादन गरेमा उत्पादित परिमाणका आधारमा अनुदान दिने व्यवस्था। |
| २ | ११६ | कृषकलाई ऋणको व्याजमा सहुलियतपूर्ण अनुदानको लागि रु. ११ करोड ८९ लाख विनियोजन। |
| ३ | १२४ | औपचारिक क्षेत्रमा दूध विक्री गरेमा प्रतिलिटर ५ देखि १० रुपैयाँसम्म अनुदान दिने। |
| ४ | १३० | मुख्यमन्त्री कृषक सम्मान कार्यक्रम मार्फत प्रदेशभरमा उत्कृष्ट १४३ जना कृषकलाई पुरस्कृत गर्न रकम विनियोजन। |
| ५ | १३३ | सामूहिक भेडा, च्याङ्गापालन, बाखापालन तथा अन्य जिल्लामा गाई, भैसी, बाबा, हाँस, कुखुरा, कालिज, मौरी र माछापालन गर्ने किसानलाई प्रोत्साहन गरिनेछ। |
| ६ | १३५ | जाजरकोट जिल्लालाई मौरीपालनको हब बनाइनेछ। मह उत्पादन, प्रशोधन र ब्राण्डिङ गरी निर्यात गर्न प्रोत्साहन गरिने छ। |
| ७ | १३८ | पाँच रोपनी भन्दा बढी जग्गामा तरकारी खेती। १०० भन्दा वढी फलफूलका विरुवा लगाएका व्यवसायी कृषकलाई पोखरी तथा पाइप सिंचाइका लागि अनुदान दिन रकम विनियोजन। |
| ८ | १४१ | कर्णाली प्रदेशमा ठूला उद्योगमा लगानी आकर्षित गर्न उद्योग स्थापना स्थलसम्म पहुँच मार्ग र अन्य पूर्वाधार निर्माणको लागि सङ्घ, प्रदेश स्थानीय तह र निजी क्षेत्रसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ। |

| | | |
|---|---|---|
| ९ | १४२ | सरकारी र निजी क्षेत्रको साझेदारीमा जडिबुटी लगायत वनमा आधारित उद्योग, अल्लो प्रशोधन उद्योग, नेपाली कागज उद्योग, ढुङ्गा काट्ने उद्योग स्थापना र सञ्चालन गरिनेछ। |
| १० | १४४ | एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता। प्रदेशमा लघु घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने व्यवस्था मिलाइएको छ। |
| ११ | १४५ | सीपसँग सहयोग कार्यक्रम मार्फत उद्यमशीलता विकास, सीप विकास तालिम र रोजगारमूलक तालिम सञ्चालन गरी उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान् बनाइनेछ। यस कार्यक्रमबाट लाभान्वित उद्यमीहरुलाई प्रविधि हस्तान्तरणमा सहयोग उपलब्ध गराइनेछ। |
| १२ | १४६ | वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेश भित्र रोजगारीका अवसरबाट बञ्चित युवाहरूको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यममार्फत स्वरोजगार बनाउन गरी खाने कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छ। |
| १३ | १४८ | प्रदेश सरकारको स्वामित्वमा रहेको लघु औद्योगिक ग्राम निजी क्षेत्रको समन्वय र सहकार्यमा सञ्चालनमा ल्याई सबै प्रकारका लघु तथा घरेलु सामग्रीहरु एकै स्थानमा उत्पादन गर्ने व्यवस्था मिलाइएको छ। |
| १४ | १४९ | जडिबुटी विशेष क्षेत्र पहिचान गरी उद्योग स्थापना र प्रवर्द्धन गरिनेछ। जडिबुटीजन्य वस्तुको उत्पादन र बजारीकरणको लागि आन्तरिक र बाह्य क्षेत्रको पुँजी र प्रविधि भित्र्याउन मेक इन कर्णाली कार्यक्रम सञ्चालन गरिनेछ। |

श्रोतः बजेट वक्तव्य,आर्थिक वर्ष २०७९/८०, कर्णाली प्रदेश सरकार

# सन्दर्भ सामग्री

कर्णाली प्रदेश सभा सचिवालय

कोष तथा लेखा नियन्त्रक कार्यालय कर्णाली प्रदेश

नेपालको संविधान २०७२

प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेशले सुचनाको हक मार्फत उपलब्ध गराएको विवरण

बजेट वक्तव्य आर्थिक वर्ष २०७९/०८०. (२०७९). कर्णाली प्रदेश सरकार.

भद्र भण्डारी, महासचिव, सुर्खेत उद्योग वाणिज्य संघ

मोहनदेव जोशी, सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश

राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक तथ्यांक. (२०७८). नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्यांक विभाग.

लक्ष्मण कँडेल, अध्यक्ष, सुर्खेत उद्योग वाणिज्य संघ

Economic Survey 2021/22.(2022). Government of Nepal, Ministry of Finance

Economic Survey 2021/22.(2022). Government of Nepal, Ministry of Finance

Energy Profile Karnali Province. (2021, March). Ministry of Physical Infrastructure and Development, Karnali Province.

http://ssrn.aviyaan.com/road_network/getProvinceCategoryAndPavement/6

Nepal Human Development Report 2020.(2020). Government of Nepal National Planning Commission.

दुई वर्षभित्र कर्णाली प्रदेशका सबैको घरमा बिजुली पुर्याइने.(२०७८) फाल्गुण ३०. खरीबोट. Retrieved July 3, 2022, from https://kharibot.com/news-details/101580/2022-03-14